# पुर्नवास नगरपालिकाको सामाजिक परिक्षण प्रतिवेदन
## २०८२/०८३

पुर्नवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुर्नवास,कञ्चनपुर
सुदूरपश्चिम प्रदेश

# पुर्नवास नगरपालिकाको सामाजिक परिक्षण प्रतिवेदन २०८२/०८३

**प्रकाशक** : **पुर्नवास नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, कञ्चनपुर

**सर्वाधिकार** : प्रकाशकमा

**प्रकाशन मिति** : २०८२

**सम्पर्कका लागि** : नगर कार्यपालिकाको कार्यालय,
पुर्नवास, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल

# विषय सुची

१. पृष्ठभुमिः ....... 5
२. सामाजिक परिक्षणको उदेश्यः ....... 8
३. सामाजिक परीक्षण वीधिः ....... 9
३.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययनः ....... 9
३अन्तरवार्ता र समूह छलफल तथा तथ्यांक संकलनः २. ....... 9
३नगरपालिकाका सेवाग्राही ३., स्थानीय नेतृत्वसंग भेटघाट तथा योजनाहरुको अनुगनम र छलफलः ....... 10
३योजनाहरुको अनुगनम तथा छलफलः ४. ....... 10
४. अध्ययनको सीमाः ....... 10
५. स्थानीय निकाय र विषयगत कार्यालयगैह्र सरकारी संस्थाहरू को विवरणः/ ....... 11
६. सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरूः ....... 11
७. सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमी/कमजोरीहरूः ....... 11
८. सामाजिक जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरूः ....... 12
९. पुर्नवास नगरपालिकाको परिचयः ....... 14
१०. पुर्नवास नगरपालिकाको जनसंख्याको अवस्थाः ....... 16
११. भौगोलिक अवस्थिति तथा हावापानीः ....... 16
१२. राजनीतिक अवस्थीतिः ....... 17
१३. धार्मिक,प्राकृतिक तथा पर्यटकी स्थलहरुः ....... 18
१४. शैक्षिक संस्थाहरुः ....... 18
१५. प्राथमिकता तथा उदेश्य ....... 20
१६. आर्थिक वर्ष २०८१ का ०८२/लागि तय भएका प्रमुख क्षेत्रगत नीतीहरु तथा कार्यक्रमहरुः ....... 21
१७. विषयगत रुपमा तयार पारिएका नीतिहरुः ....... 22
१७.१ आर्थिक विकास नीति ....... 22
१७उद्योग तथा व्यापार नीति तथा कार्यक्रम २. ....... 26
१७.३ सास्कृतिक तथा पर्यटन ....... 27
१७सहकारी नीतिः ४. ....... 27

१७.५ सामाजिक विकास नीतिः .......... 28
१७.६ पुर्वाधार विकासः .......... 33
१७.७ वन, वातावरण तथा विपद व्यवस्थापन .......... 35
१७.८ सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति तथा कार्यक्रमहरू .......... 36
१८. गत बर्षको कार्यक्रमको उपलब्धिः .......... 38
१९. सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरुः .......... 39
२०. पुर्नवास नगरपालिकाले लिएका नीति र नीतिको कार्यान्वयनको अवस्थाः .......... 42
२१. आर्थिक वर्ष २०८१मा नगरपालिकाले भोगेका समस्याहरुः ०८२/ .......... 47
२२. सुधारका लागि चाल्नु पर्ने कदमहरु र सुझावहरुः .......... 48
२३. पुर्नवास नगरपालिका को अवसर र सम्भावना तथा आगामी दिनमा चाल्नु पर्ने कदमः .......... 50
२४. नगरपालिकाको चुनौती तथा समस्याहरुः .......... 52
अनुसुची वडागत माइन्युटहरू १ — .......... 54
अनुसुची २ सामाजिक परिक्षणको क्रममा लिएका तस्बिरहरु .......... 65
अनुसुची ३ —सेवाग्राही सन्तुष्टि सर्वेक्षण फारम .......... 72

# १. पृष्ठभुमिः

सामान्य अर्थमा 'सामाजिक परीक्षण' भनेको कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण गर्ने कार्य हो, जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनका लागि भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा सामाजिक परीक्षणलाई "सामाजिक जिम्मेवारीको लेखाजोखा" भनेर परिभाषित गरिएको छ। यसकारण स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य नै सम्बन्धीत स्थानीय निकायको सो आर्थिक वर्षको सामाजिक परीक्षण हो। आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षण बीच केही समानताहरू छन्। यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ। तर तात्विक फरक के हो भने सामाजिक परीक्षणमा व्यवस्थापन, बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ, भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन्।

समृद्ध नेपाल सुखी नेपाली मुल नाराका साथ देशलाई नयाँ संरचनाको संघीयता कार्यान्वयनमा लगिएको छ। देशको विभिन्न कालखण्ड पार गर्दै २०७२ सालमा आएको संविधान र त्यसपछिका विभिन्न ऐन, नियम र कानुनहरुको कार्यान्वयको अवस्थामा मुलुक चलिरहेको छ। हाल स्थानीय सरकार संचालन ऐन २०७४ मा नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा सङ्घ, प्रदेश र स्थानीय तह बीचको सहकार्यता, सहजता र समन्वयलाई प्रवर्दन गर्न जनसहभागिता, सर्वसलुभ र गणुस्तरीय सेवा प्रवाह गनर, लोकतन्त्रका लाभहरूको समानुपातिक समावेसी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाबेसी उन्मुख सुदृढ गरी स्थानीय तहमा न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले, नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका समेत ऐन बनाएको छ ।स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुसार स्थानीय निकायहरू (जिल्ला समन्वय समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र वडा कार्यालयहरू) ले वर्षमा एक पटक आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र समाजिक परीक्षण गरी सक्नुपर्छ। यसैगरी स्थानीय निकाय सामाजिक परीक्षण

कार्यविधि, २०६७ ले गरेको व्यवस्था अनुसार सामाजिक परीक्षणका लागि स्थानीय निकायले सो निकायसँग प्रत्यक्ष सम्बन्ध नभएका दुई विज्ञको समूहलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिनु पर्दछ। साथै, निर्धारित योग्यता भएको विज्ञ उपलब्ध भएको कुनै परामर्शदाता संस्था, कम्पनी वा फर्मलाई समेत सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिन सकिन्छ। सामाजिक परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीय निकायले एक समन्वय समितिको गठन समेत गर्न सक्दछ। तर, समन्वय समितिको गठन बाध्यात्मक भने छैन।

समृद्ध, आधुनिक, शान्त र न्यायपूर्ण नेपालको निर्माण गर्ने संकल्प सहित सिर्जना गरीएका अनेक नीति नियम र निर्देशिका सहित संचालित स्थानीय तहहरुलाई आर्थिक प्रशासन नियमावली अनुसार स्थानीय तहहरुलाई स्थानीय जनताका लागि आवश्यक सेवा सुविधाहरु व्यवस्थित र प्रभावकारी तरिकाबाट स्थानीय स्तरमानै उपलब्ध गराउन सक्ने अधिकार दिइएको छ। नेपाल सरकारले स्थानीय तहलाई दिने अनुदान लक्षित समुदायहरुको समग्र विकासको लागि केन्द्रीत गर्ने कुरामा विशेष जोड दिदै आएको छ। यसको लागि विशेष बजेटको समेत व्यवस्था गरेको छ। स्थानीय तहमा अनुदान रकममा पनि विगतका दिन भन्दा बढोत्तरी भएको छ। यसले स्थानीय तहलाई अझ जिम्मेवार र उत्तरदायी बनाएको छ। जनतासंगको सबै भन्दा नजिकको भनौ घरको सरकार भनेकै स्थानीय सरकार हो जसमा मुलत नगरपालिकाका नागरीकको दुख बेदना अनी मर्महरुलाई नजिकबाट नियालेर सोही विषय बस्तुसँग साक्षत्कार भएर काम गर्ने भएबाट पनि नागरिकहरुका आशा र अपेक्ष यो निकायसँग बढि नै हुन्छन भने यसको दायित्व समेत सोही रुपमा बढ्ने देखिन्छ। स्थानीय तह तथा स्थानीय सेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवाग्राही प्रति जवाफदेहिता अभिवृद्धि गर्न र शुसासन कायम गर्नका लागि नेपाल सरकारले विभिन्न नीतिहरु अवलम्बन गर्दै आएको छ। स्थानीय स्तरमा भए गरिएको काम कारवाहीको जनताप्रति सामाजिक उत्तरदायित्व बहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण पनि एक हो। जस अनुसार "सामाजिक परीक्षण" लाई स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य भनिएको छ। यसरी सामाजिक परीक्षण कार्यलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि नेपाल सरकारले स्थानीय तह सामाजिक परीक्षण कार्यविधि, २०६७ जारी गरी लागू गरेको अवस्था थियो। यसका साथै विभिन्न स्थानीय तहको श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ मा

समेत सामाजिक परीक्षण कार्यलाई विशेष जोड दिइएको छ। विगतमा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुसार वर्षमा एक पटक गर्ने प्रावधान भएको र स्थानीय निकायको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यमा सामाजिक परीक्षणलाई एउटा सूचकको रुपमा राखिएको थियो तर नयाँ संरचना अनुसार पुर्नवास नगरपालिकाले आफ्नै कार्यविधी निर्माण गरेको छ। यसले गर्दा पनि स्थानीय तहहरू महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र नगरपालिकाहरूले आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र सामाजिक परीक्षण अनिवार्य शर्त बनेको थियो। सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रस्तुत गर्न आवश्यक हुन्छ। छलफलमा उठेका सवाल र जवाफलाई समेटी सामाजिक परीक्षकले अन्तिम प्रतिवेदन तयार गर्नु पर्दछ। यसलाई स्थानीय निकायको योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति , गाउँ सभा र परिषद्मा समेत पेश गर्नु पर्दछ । यसरी स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धी कति हासिल भए सोको विश्लेषणात्मक प्रभाव सम्मको अवस्थाको आँकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी हुन्छ। सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुशरण, सामाजिक परिक्षण प्रतिवेदन, कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनवाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्नमा पुर्नवास नगरपालिकालाई ठूलो टेवा पुर्याउन मद्दत गर्दछ ।

सामाजिक जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा अनुसन्धानात्मक ढंगबाट अध्ययन तथा विश्लेषण गरे पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ। छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ। यसलाई स्थानीय निकायको योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद्मा पेश गर्नु पर्ने प्रावधान रहेको छ। यसरी स्थानिय निकायबाट भएका कामहरूले सामाजिक उपलब्धि के कति हासिल भए सोको विश्लेषणबाट प्रभाव सम्मको आंकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय निकायलाई ठूलो टेवा पुग्ने गर्दछ। यसैको आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरूले सघाउँछन्। यसै परिप्रेक्षमा साविक सामाजिक परीक्षण कार्यविधि २०६७ तथा

हालको पुर्नवास नगरपालिकाको आफ्नै सामाजिक परीक्षण कार्यविधि बमोजिम यस अपि सैपाल विकास मञ्च ले पुर्नवास नगरपालिकाको आ.व. २०८१/०८२ को सामाजिक परीक्षण गरी यो प्रतिबेदन पेश गरेको छ ।

## २. सामाजिक परिक्षणको उदेश्यः

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुरूप पुर्नवास नगरपालिका कञ्चनपुर ले एक आर्थिक वर्ष (आ.व. २०८१/०८२) मा समग्र सामाजिक उत्तरदायित्व पूरा गरे/नगरेको परीक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो। सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै नगरपालिका लाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा यसको केन्द्रविन्दुमा रहेका छन्। बिशेषत सामाजिक परीक्षणको प्रमुख सिद्धान्त ग्रामीण, गरीब, सेवाग्राहीका चाहना र प्राथमिकतालाई ध्यानमा राखेर बिभिन्न नीतिगत निणर्यको विश्लेषण र जाँचबुझ गर्ने, अपेक्षित सामाजिक उद्देश्य अनुरुप कार्यसम्पादनमा निरन्तर सुधार गर्नुका साथै सेवाग्राहीहरुको सार्वजनिक सेवामा समयमै पहुँच नपुगेकोमा अवसर मूल्यको आँकलन ( Estimation of opportunity Cost) गर्नु पनि हो । स्थानीय विकासका लागि आबश्यकता र उपलव्ध साधन तथा भौतिक रं वित्तीय साधन बीचको अन्तरको समीक्षा गर्ने, सेवाग्राहीहरु र स्थानीय सामाजिक सेवा प्रदायकहरुमा उत्पादनशील सेवाको बिषयमा चेतना जगाउने, स्थानीय विकास कार्यक्रमहरुमा कार्यकुशलता तथा प्रभावकारिता अभिबृद्धि गर्नु पनि सामाजिक परीक्षणको उद्देश्य हो ।यस सामाजिक परीक्षणको प्रमुख्य उद्देश्य पुर्नवास नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा सम्पादन गरेका योजना तथा कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखा गर्नु हो भने विशिष्ट उद्देश्यहरु यसप्रकार छन् ।

- पुर्नवास नगरपालिका कञ्चनपुरबाट आर्थिक वर्ष २०८१/०८२ मा सार्वजनिक अधिकार, सार्वजनिक साधन र स्रोतको उपयोग गरी यस पालिकामा सामाजिक उत्तरदायित्व पूरा गर्नका लागि सञ्चालित योजना तथा कार्यक्रमबाट प्राप्त भएको सामाजिक उपलब्धिको लेखाजोखा गर्ने ।

- सामाजिक जिम्मेवारी पुरा गर्ने क्रममा भोगेका समस्या, चुनौति तथा कमी कमजोरीहरुको विश्लेषण गर्ने ।
- सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमताको विश्लेषण गर्ने ।
- सुधारको लागि आगामी दिनमा चाल्नुपर्ने कदमहरुको पहिचान गर्ने ।

## ३. सामाजिक परीक्षण वीधिः

सामाजिक परीक्षणको कार्यलाई अनुसन्धानात्मक ढंगबाट अगाडि बढाउने क्रममा देहाय बमोजिमका विधिहरूको प्रयोग गरिएको थियो ।

### ३.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययनः

- स्थानीय तह सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत)
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना गत आर्थिक वर्षको सामाजिक परीक्षणको प्रतिवेदन
- नागरिक बडापत्र
- वार्षिक तथा चौमासिक प्रतिवेदनहरू
- पुर्नवास नगरपालिका अन्य प्रकाशनहरू

### ३.२ अन्तरवार्ता र समूह छलफल तथा तथ्यांक संकलनः

पालिका पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुखसँग  अन्तरवार्ता गरिएको थियो। अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धीत कर्मचारीहरूको संग छलफल गरि सम्बन्धित शाखा बाट आवश्यक तथ्यांक माग गरि संकलन गरियो। प्रमुख समस्या,चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएको थियो।

## ३.३ नगरपालिकाका सेवाग्राही, स्थानीय नेतृत्वसंग भेटघाट तथा योजनाहरुको अनुगनम र छलफलः

पुर्नवास नगरपालिकाका बार्षिक कार्यक्रमहरु सञ्चालित कार्यक्रमको प्रभावकारिता र ती आयोजना प्रति सेवाग्राहीको राय बुझ्ने उद्धेश्यका साथ बिभिन्न स्थानहरुको भ्रमण गरि स्थानीय राजनीतिक दलका नेतृत्व, उपभोक्ता समिति आदिसंग अन्तरक्रियात्मक छलफल सम्पन्न भएको छ ।यस क्रममा पालिकासंग समन्यात्मक रुपमा सहकार्य गरि बिभिन्न कार्यक्रमहरु सञ्चालन गरेका स्थानीय गैरसरकारी संस्था र कार्यक्षेत्रमा गई स्थानीय लाभान्वित ब्यक्तिहरुसंग अन्तरकिर्या कार्यक्रम सम्पन्न भएको छ ।

## ३.४ योजनाहरुको अनुगनम तथा छलफलः

स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ को अनुसूची २ र ३ मा उल्लिखित ढाँचामा आधारित प्रारम्भिक प्रतिवेदन देहाय अनुसारका शीर्षकमा केन्द्रीकृत रही छलफल गरि तयार गरिएको थियो।

- सामाजिक परीक्षणका निष्कर्षहरू
- सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- सवालहरूको प्राथमिकीकरण
- यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता (समय सीमा सहित)
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु
- सुझावहरू संकलन

## ४. अध्ययनको सीमाः

पुर्नवास नगरपालिकाको सामाजिक परीक्षण भएता पनि पालिका क्षेत्रमा कृयाशील र पालिकाको विकासमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा योगदान दिने केही सरकारी तथा गैह्रसरकारी संस्थाहरू बाट भएका प्रयास तथा उपलब्धिलाई समेत यस अध्ययनमा समावेश गर्ने प्रयास भएको छ।छोटो समयावधि र सीमित स्रोतको परिधिभित्र रहेर कार्य सम्पन्न गर्नुपर्ने भएकाले यस किसिमका सम्पूर्ण संस्थाहरू लाई भने समावेश गर्न

सकिएको छैन। साथै, अधिकांश सूचनाहरू द्वितिय श्रोतबाट संकलन भएका र प्राथमिक श्रोतबाट प्राप्त सूचनाहरू सूचनादाताको मौलिक विचारबाट पनि प्रभावित भएका हुन सक्दछन्।

## ५. स्थानीय निकाय र विषयगत कार्यालय/गैह्र सरकारी संस्थाहरू को विवरणः

कार्यविधिको अनुसूची २ र ३ बमोजिमको विवरण संलग्न गरिएको छ ।

## ६. सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरूः

- ✓ सामाजिक परिचालनका कार्यक्रम मार्फत् समुह गठन, परिचालन र विभिन्न योजनाहरुको कार्यन्वयन भएको
- ✓ पालिकामा सुशासन तथा पारदर्शिता कायम गर्नका लागि गैससहसँगको समन्वयमा प्रभावकारी कार्य सम्पादन भएको
- ✓ सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता प्राप्त गर्नेहरुको सूची अद्यावधिक गर्दै उक्त भत्ता वितरणलाई सहज बनाइएको
- ✓ योजना कार्यन्वयनमा महिला तथा पिछडावर्गको सहभागितामा वृद्धि भएको ।
- ✓ खानेपानी तथा सरसफाईमा सुधार आएको ।
- ✓ स्वास्थ्य सेवाको पहुँचमा सुधार आएको ।
- ✓ विद्यालयको भौतिक पूर्वाधार बिस्तार भएको ।
- ✓ वातावरण सुधारकालागि विभिन्न कार्यक्रमहरु सञ्चालन भएका ।
- ✓ गरिबी निवारणका कार्यक्रम सञ्चालन गर्न आर्थिक स्रोत जुटेको
- ✓ मोबाईल एप्स सन्चालन मा आएको ।
- ✓ महिला स्वास्थ्य स्वयम्सेबिका पुर्नरताजगि तालिम संचालन भएको ।
- ✓ महिला हिंसा र कानुनी साक्षरता सम्बन्धि सचेतना मूलक कार्यक्रम संचालन भएको ।

## ७. सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमी/कमजोरीहरूः

- ○ स्थानीय निकायहरू र विषयगत कार्यालयहरू सँगको समन्वयमा कमी ।

- जिल्लास्थित विषयगत कार्यालयमा पालिकाभित्रको मात्रै तथ्याङ्क उपलब्ध नहुनु साथै पालिकामा पनि सो किसिमका तथ्याङ्क अध्यावधिक नभएको ।
- बजेट ढिलो निकासा हुने जसले गर्दा कार्यक्रम सञ्चालनमा पनि ढिलाई हुने गरेको ।
- कार्यक्रम र कार्यक्षेत्रको तुलनामा आवश्यक जनशक्तिको कमि ।
- साना प्रकृतिका आयोजनाहरू धेरै भएकाले प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्न नसकिएको ।
- अधिकाशं जसो योजनाहरूमा बजेटको अभावमा कार्यान्वयन गर्न नसकीएको ।
- साना प्रकृतिका धेरै योजनाहरूको माग भई आउने हुनाले दीगो विकासमा जोड दिन नसकिएको।
- लक्षित वर्गको लागि स्थानीय निकायको नियमावलीमा व्यवस्था भए बमोजिमको न्यूनतम प्रतिशत रकम विनियोजन गरी प्रभावकारी कार्यन्वयन हुन नसकेको ।
- आयोजनाहरू कार्यान्वयन गर्दा कार्य तालिका अनुसार कार्य गर्न नसकिएको ।

## ८. सामाजिक जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरूः

- नागरिक बडापत्र सबै वडामा स्पष्ट र देखिने ठाउँमा राख्नु पर्ने ।
- सार्वजनिक सुनुवाइ त्रैमासिक रुपमा गरी राख्नु पर्ने ।
- योजनाहरु बनाउदा सार्वजनिक सुनुवाई , सामाजिक परीक्षण आदिका प्रतिवेदनहरुलाई मध्यनजर गर्नु पर्ने ।
- राष्ट्रिय स्तरमा उठाउनु पर्ने साझा सवाल उठानका लागि सामुहिक पहल गर्नु पर्ने । सेवा प्रवाह, तथ्याङ्क भण्डारण, प्रतिवेदन प्रकाशन लगायतका विषयमा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन दिनु पर्ने ।
- उद्यमशिलताको प्रवर्द्धन गर्न निजी क्षेत्रका संघ संस्थाहरुको सहकार्यलाइ प्राथमिकता दिनु पर्ने ।
- आर्थिक विकासका लागि सार्वजनिक निजी साझेदारीको रणनीतिलाई विशेष प्राथमिकता दिनु पर्ने।
- स्थानीय स्तरमा स्थानीय तहहरु ले सेवाप्रदायक सस्थाहरुको वर्गिकरण, उनिहरुको क्षमता विश्लेषण तथा कार्य दक्षताको आधारमा कार्य सम्पादनमा सहयोगी बनाउने ।

- संचालित विकासका कार्यक्रमहरुमा जवाफदेहीता, पारदर्शीता तथा उत्तरदायित्वहरुको सुनिश्चितता प्रदान गर्न सरोकारवालाहरुको सम्लग्नता एवम् सामाजिक परिक्षणका गतिविधिहरुलाई अझ फराकिलो पार्दै लग्ने ।
- नगरपालिकाको नीति अनुसार कार्यक्रम तथा आयोजना भए नभएको विषमा गाउँसभा पूर्व व्यापक छलफल गर्ने र नीति तथा कार्यक्रम स्पष्ट हुनु पर्ने ।
- पालिकाको वार्षिक योजना तथा नीतिहरू तयार गर्दा राष्ट्रिय नीति र पालिकाको आवधिक तथा विषयगत योजनाले निर्देशित गरेका उद्देश्यहरू लाई ध्यान पुर्याउनु पर्ने ।
- रोजगारमूलक र गरिबी निवारण लक्षित योजनाहरू समावेश हुनु पर्ने ।
- अल्पकालिन योजनालाई भन्दा दीर्घकालीन र आय एवम् रोजगारमूलक ठोस आयोजनाहरूलाई प्राथमिकता दिनुपर्ने ।
- करको दर एवं दायरा लगायत अन्य वैकल्पिक उपायहरू को पहिचान गरी आन्तरिक आयमा वृद्धि गदै लैजानुपर्ने ।
- वस्ती एवं वडास्तरबाट प्राथमिकिकरणको आधारमा छनौंट भई आएका आयोजनाहरू लाई उच्च प्राथमिकता दिनुपर्ने ।
- भूकम्प, आगलागि, बाढी, महामारी लगायतका प्राकृतिक एवम् मानवीय विपद्को जोखिम घटाउन तथा सामना गर्न पालिकास्तरीय विपद् व्यवस्थापन योजना कार्यान्वयनका लागि आवाश्यक व्यवस्था मिलाउनुपर्ने ।
- अनुगमन कार्यलाई भरपर्दो र अझ प्रभावकारी बनाउनुपर्ने ।

**स्थानीय तह सामाजिक परीक्षण कार्यविधिको अनुसूची २ बमोजिमको प्रतिवेदन**

**पुर्नवास नगरपालिका,कञ्चनपुर**

**आर्थिक वर्ष २०८१/०८२**

## ९. पुर्नवास नगरपालिकाको परिचयः

| | | |
|---|---|---|
| स्थापना | २०७१/०१/२५ | |
| समावेश भएका साविकका नगरपालिका /गा.वि.स.हरू | पुनर्वास नगरपालिकाका सबै वडाहरू र बाइसेविचवा गा.वि.स. का वडा नं ५, ६, ७, ८ र ९ वडाहरू | |
| प्रदेश | सुदूरपश्चिम प्रदेश | |
| जिल्ला | कंचनपुर | |
| निर्वाचन क्षेत्र | १(ख) | |
| वडा संख्या | ११ | |
| जम्मा जनसंख्या | ७०,४३४ | |
| महिला | ३४६२२ | |
| पुरुष | ३५,८१२ | |
| स्थानीय तह घोषणा | २०७१/०१/२५ | |
| स्थानीय तहको पहिलो निर्वाचन | २०७४ बैशाख ३१ गते | |
| स्थानीय तहको दोस्रो निर्वाचन | २०७९ बैशाख ३० गते | |
| जनप्रिनिधि संख्या | ५९ | |
| नगरपालिका अध्यक्ष/उपाध्यक्ष | तोय प्रसाद शर्मा/भुलीया कुमारी राना | |
| बोलिने प्रमुख भाषा | नेपाली, राना थारू, डोटेली, तमाङ आदि | |
| प्रमुख धर्म | हिन्दु, ईसाई, बौद्ध, मुस्लिम, किरात आदि। | |
| प्रमुख व्यवसाय | कृषि, नोकरी, व्यापार, | |
| मुख्य बाली | धान, गँहु, उखु, तोरी आदि | |
| तापक्रम | गर्मीमा ५.६ डिग्री सेन्टीग्रेड देखि ४३ डिग्री सेन्टीग्रेडसम्म | |
| हावापानी | उपोष्ण हावापानी वा उष्ण मनसुनी हावापानी | |
| क्षेत्रफल | १०३.७१ वर्ग किलो मिटर | |
| भौगोलिक अवस्थिति | आवास तथा वस्ती क्षेत्र | |
| | कृषि क्षेत्र | |
| | वन क्षेत्र | |
| | झाडी क्षेत्र | |

| | | |
|---|---|---|
| | सिमसार क्षेत्र | |
| | नदी ताल तथा पोखरी क्षेत्र | |
| | अक्षांश र देशान्तर | २८°३६'३५ "उत्तरी अक्षांश देखि २८°४३'३७ "उत्तरी अक्षांश र ८०°२२'५०"पूर्वी देशान्तर देखि ८०°३०'२०"पूर्वी देशान्तर सम्म फैलिएक |
| सिमाना | उत्तर दिशा | लालझाडी गाउँपालिका र कृष्णपुर नगरपालिका |
| | दक्षिण दिशा | भारती सिमान |
| | पुर्व दिशा | कैलाली जिल्ला र भारतको उत्तर प्रदेशको दुधुवा नेशनल पार्क |
| | पश्चिम दिशा | वेलौरी नगरपालिका |
| प्रमुख जात-जातिहरू | ब्राहमण, क्षेत्री, जनजाती, दलित आदि | |
| सामुदायिक/नीजि विद्यालय | ३२/३० | |
| वैकल्पिक विद्यालय | ० | |
| साक्षरता प्रतिशत | ७८.२ | |

**वडागत जनसंख्या सम्बन्धि विवरण**

| वडा नं | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ३५५१ | ४०७२ | ७६२३ |
| २ | ३०६९ | ३५७४ | ६६४३ |
| ३ | ११०३ | १२३५ | २३३८ |
| ४ | १९८२ | २४५७ | ४४३९ |
| ५ | ३१८१ | ३८६७ | ७०४८ |
| ६ | २५१८ | २९६६ | ५४८४ |
| ७ | १५४५ | १७५९ | ३३०४ |
| ८ | २२२२ | २७०१ | ४९२३ |
| ९ | ३१३७ | ४१५२ | ७२८९ |
| १० | ३०२१ | ३५०६ | ६५२७ |
| ११ | २८२६ | ३३०४ | ६१३० |
| जम्मा | २८१५५ | ३३५९३ | ६१७४८ |

यस पुर्नवास नगरपालिकाको पूर्वमा कैलाली जिल्ला र भारतको उत्तर प्रदेश अन्तर्गत दुधुवा नेशनल पार्क, पश्चिममा पुनर्वास नगरपालिका, उत्तरमा लालझाडी गाउँपालिका र कृष्णपुर नगरपालिका र दक्षिणमा भारतको उत्तर प्रदेश अन्तर्गतका सिमाना रहेका छन् । २८°३६'३५ उत्तरी अक्षांश देखि २८°४३'३७उत्तरी अक्षांश र ८०°२२'५० पूर्वी देशान्तर देखि ८०°३०'२० पूर्वी देशान्तर सम्म फैलिएको यस नगरपालिकाको क्षेत्रफल १०३.७१ वर्ग कि.मि.रहेको छ ।

उष्णप्रदेशीय हावापनी पाईने यस नगरमा वैशाख, जेष्ठ महिनामा अधिकतम तापक्रम ४३° सेल्सियस सम्म पुग्छ भने पुस माघ महिनामा न्यूनतम तापक्रम ५.६° सेल्सियससम्म झर्दछ । यस नगर क्षेत्रमा साउन–भदौ महिनामा अधिक वर्षा हुने गर्दछ ।

## १०. पुर्नवास नगरपालिकाको जनसंख्याको अवस्था:

यस पुनर्वास नगरपालिकामा जम्मा ११ ओटा वडा रहेका छन्। क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो वडा नम्बर १ रहेको छ । नगरपालिकाको कुल क्षेत्रफल १०३.७ वर्ग किलोमिटरको १५.४ वर्गकिलोमिटर यस वडाको क्षेत्रफल रहेको छ भने सबैभन्दा सानो अर्थात नगरपालिकाको कुल क्षेत्रफलको जम्मा ३.७२ वर्गकिलोमिटर वडा नं. ३ को क्षेत्रफल रहेको छ । जनसंख्याको हिसाबले सबैभन्दा ठूलो ७,६२३ जनसंख्या वडा नं.१ मा रहेको छ, त्यसपछिको दोश्रो ठूलो ७,२८९ जनसंख्या वडा नं.९ मा रहेको छ भने सबैभन्दा थोरै जनसंख्या वडा नं.३ मा नगरपालिकाको कुल जनसंख्याको जम्मा २३३८ जना मात्र जनसंख्या रहेको छ राष्ट्रिय जनगरणना २०७८ अनुसार नगरपालिकाको कुल जनसंख्याको ६१,७४८ रहेको छ, जसमा महिलाको जनसंख्या ३३,५९३ अर्थात ५४.४ प्रतिशत र पुरुषको जनसंख्या २८,१५५ अर्थात ४५.६ प्रतिशत जनसंख्या रहेको छ ।

| वडा नं | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ३५५१ | ४०७२ | ७६२३ |
| २ | ३०६९ | ३५७४ | ६६४३ |
| ३ | ११०३ | १२३५ | २३३८ |
| ४ | १९८२ | २४५७ | ४४३९ |
| ५ | ३१८१ | ३८६७ | ७०४८ |
| ६ | २५१८ | २९६६ | ५४८४ |
| ७ | १५४५ | १७५९ | ३३०४ |
| ८ | २२२२ | २७०१ | ४९२३ |
| ९ | ३१३७ | ४१५२ | ७२८९ |
| १० | ३०२१ | ३५०६ | ६५२७ |
| ११ | २८२६ | ३३०४ | ६१३० |
| जम्मा | २८१५५ | ३३५९३ | ६१७४८ |

***स्रोत: राष्ट्रिय जनगरणना २०७८***

## ११. भौगोलिक अवस्थिति तथा हावापानी:

यस पुर्नवास नगरपालिकाको पूर्वमा कैलाली जिल्ला र भारतको उत्तर प्रदेश अन्तर्गत दुधुवा नेशनल पार्क, पश्चिममा पुनर्वास नगरपालिका, उत्तरमा लालझाडी गाउँपालिका र कृष्णपुर नगरपालिका र दक्षिणमा भारतको उत्तर प्रदेश अन्तर्गतका सिमाना रहेका छन् । २८°३६'३५ उत्तरी अक्षांश देखि २८°४३'३७"उत्तरी अक्षांश र ८०°२२'५०"पूर्वी देशान्तर देखि ८०°३०'२०"पूर्वी देशान्तर सम्म फैलिएको यस नगरपालिकाको क्षेत्रफल १०३.७१ वर्ग कि.मि.रहेको छ ।

उष्णप्रदेशीय हावापनी पाईने यस नगरमा वैशाख, जेष्ठ महिनामा अधिकतम तापक्रम ४३°सेल्सियस सम्म पुग्छ भने पुस माघ महिनामा न्यूनतम तापक्रम ५.६° सेल्सियससम्म झर्दछ । यस नगर क्षेत्रमा साउन–भदौ महिनामा अधिक वर्षा हुने गर्दछ ।

## १२. राजनीतिक अवस्थीतिः

कञ्चनपुर जिल्लाको दक्षिण–पूर्वी भेगमा अवस्थित पुनर्वास नगरपालिका साविकका परासन, त्रिभुवनवस्ती, कालिका र वाईसी विचवा गा.वि.स.गरी ४ वटा गा.वि.स. गाभिएर बनेको हो । नेपाल सरकार मन्त्रिपरिषदको २०७१।०१।२५ निर्णयबाट यो नगरपालिका गठन भएको हो । जिल्ला सदरमुकाम देखि २२ कोष टाढा सूदूर दक्षिणमा रहेको नगरपालिकाले आफ्नो ऐतिहासिक भौगोलिक, राजनैतिक, सामाजिक र धार्मिक महत्व बोकेको छ । वि.सं.२०२८ सालमा तत्कालिन नेपाल पुनर्वास कम्पनी लि. द्धारा व्यवस्थित रुपले वसोवास गराईएको हुंदा सोही समय देखि नै यस क्षेत्रलाई पुनर्वास क्षेत्र भनिएको हो । यस क्षेत्रमा नेपाल पुनर्वास कम्पनीद्धारा वस्ती विकास गरी वसोवास गराउनु पूर्व अधिकांश आदीवासी राना थारुहरु नदी किनारमा वसोवास गर्ने गरेको स्थानीय जानकारहरु बताउंछन् । वि.सं.२०२४ सालमा विचफाँटाबाट वसोवास सुरु भै वि.सं.२०२८ सालमा पुनर्वास कम्पनीद्धारा रामवस्ती, त्रिभुवनवस्ती, वुद्धवस्ती, जनकवस्ती, सितावस्ती, मोतिवस्ती, भानुवस्ती, अरनिकोवस्ती, वीरवलभद्रवस्ती नामाकरण गरि गाउंहरु बसाईएको थियो । त्यस वेला प्रत्येक पुनर्वासवासीहरुलाई कम्तिमा चारकट्टा र वढीमा तीन विगाह सम्म जमीन उपलब्ध गराईएको थियो । योजनाबद्ध तरिकाले बसोबास गरिएकोले यहाको सडकहरु सिधारेखामा तथा चौडा रहेका छन । पुरानो परम्परागत थारु गउंहरु बाहेक नयां बसोबास गराइएको गाउंहरुमा घरहरु एकैठाउंमा गुजमुज्ज नभै सडकसंगै लहरै परेका छन । हेर्दा यहांका गाउहरु व्यवस्थित र सुन्दर देखिन्छन ।कुल ११ वटा वडाहरुमा विभक्त यो नगरपालिका राजनैतिक विभाजन अनुसार कञ्चनपुर जिल्लाको संसदीय निर्वाचन क्षेत्र नं. १ र २ मा पर्दछ । साविकमा परासन, त्रिभुवनवस्ती र कालिका गा.वि.स.मा विभक्त यो नगरपालिका तत्कालिन ईलाका नं. २ र ३ गरी दुईतर्फ विभाजित थियो ।

| हालको वडा नं. | साविकको नगरपालिकाको नाम | साविकका वडाहरु |
|---|---|---|
| १ | पुर्नवास नगरपालिका | १४, १५ |
| २ | पुर्नवास नगरपालिका | ११, १३ |
| ३ | पुर्नवास नगरपालिका | १२ |
| ४ | पुर्नवास नगरपालिका | ८ |
| ५ | पुर्नवास नगरपालिका | ९, १० |
| ६ | पुर्नवास नगरपालिका | ६, ७ |
| ७ | पुर्नवास नगरपालिका | ५ |
| ८ | पुर्नवास नगरपालिका | २, ४ |
| ९ | पुर्नवास नगरपालिका | १, ३ |
| १० | वाइसीविचवा गा.वि.स. | ५, ६ |

| हालको वडा नं. | साविकको नगरपालिकाको नाम | साविकका वडाहरु |
|---|---|---|
| ११ | वाइसीविचवा गा.वि.स. | ७, ८ र ९ |

## १३. धार्मिक,प्राकृतिक तथा पर्यटकी स्थलहरुः

यस पुनर्वास नगरपालिकामा धार्मिक तथा सामाजिक विविधताले भरिपूर्ण नगरपालिकाका रुपमा पनि चिन्न सकिन्छ। यहाँ विभिन्नजातजाती, धार्मिक आस्था, भेषभुषा तथा भाषाका मानिसहरू बसोबास गर्दछन्। यहाँ अधिकांश हिन्दू धर्म मान्ने मानिसहरूको बसोवास रहेका पाईन्छ भने बौद्ध, इस्लाम र इसाई धर्म मान्ने मानिसहरूको वसोवास रहेको पाईन्छ। सबै जातजाती र सम्प्रदायका आ–आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू रहेको पाईन्छन्। जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका तिज, श्रीकृष्ण जन्माष्टमी, गौरापर्व पहाडी समुदाय तथा हिन्दु धर्मालम्बीको मुख्य पर्व हुन्। त्यसैगरी, माघी र आईतवारी थारु चौधरी समुदायको मुख्य पर्वका रुपमा रहेको छ भने क्रिस्मस ईसाई धर्मालम्बीहरुका लागी महान् पर्वका रुपमा रहदै आएको छ। विभिन्न धर्मालम्बीहरुका आ आफ्नै चाडपर्व भएतापनि वद्लिदो समाजको स्वरुपका कारण सबै धर्मालम्बीहरुले सबैका चाडपर्वहरुमा उत्सव मनाउदै आएको पनि पाईन्छ। त्यसैले परापूर्वकाल देखि नै चल्दै आएका यी र यस्ता सांस्कृतिक धरोहरहरुले समाजमा एकता र सौहार्दताको वातावरण सिर्जना गरेको पाईन्छ। त्यस कारण यी सांस्कृतिक उत्कृतष्टताहरुको जगेर्ना गर्नु जरुरी देखिन्छ। यस नगरपालिकामा मनाईने स्थानीय चाडपर्व, जात्रा तथा मेला सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

## १४. शैक्षिक संस्थाहरुः

| क्र.स | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | पुनर्वास जनता माध्यमिक विद्यालय | त्रिभुवनस्ती-६ |
| २ | वागेश्वरी माध्यमिक विद्यालय | पृथ्वीवस्ती-८ |
| ३ | राष्ट्रिय माध्यमिक विद्यालय | अमरवस्ती-११ |
| ४ | विजय माध्यमिक विद्यालय | भिमविकासवस्ती-१० |
| ५ | गौरीशंकर माध्यमिक विद्यालय | भानुवस्ती-५ |
| ६ | बाल बागीश्वरी माध्यमिक विद्यालय | बुद्धवस्ती-७ |
| ७ | राष्ट्रिय माध्यमिक विद्यालय | विचफांटा-९ |
| ८ | सरस्वती माध्यमिक विद्यालय | मोतिवस्ती-२ |

| क.स | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| ९ | जिवन ज्योति माध्यमिक विद्यालय | त्रिभुवनस्ती-६ |
| १० | जनकल्याण माध्यमिक विद्यालय | आई.वी.आर.डी.३ |
| ११ | दुर्गा माध्यमिक विद्यालय | जनकवस्ती-४ |
| १२ | शान्ती माध्यमिक विद्यालय | अंशुवर्मावस्ती-२ |
| १३ | चन्द्रवाल आधारभुत विद्यालय | पुरैना-१ |
| १४ | सरस्वती आधारभुत विद्यालय | ढक्का-१ |
| १५ | चन्द्रवाल आधारभुत विद्यालय | सिमरी-५ |
| १६ | सरस्वती आधारभुत विद्यालय | खड्डा-८ |
| १७ | महाकाली आधारभुत विद्यालय | कोटीहोम-४ |
| १८ | जिवनशक्ति आधारभुत | सितावस्ती-९ |
| १९ | राष्ट्रिय आधारभुत विद्यालय | परासन-७ |
| २० | ऐश्वर्य आधारभुत विद्यायल | अमरैया-१ |
| २१ | जनशक्ती आधारभुत विद्यालय | बलभद्रवस्ती-२ |
| २२ | मालिका आधारभुत विद्यालय | महेन्द्रवस्ती-१ |
| २३ | अरनिको आधारभुत विद्यालय | अरनिकोवस्ती-२ |
| २४ | गोरखा आधारभुत विद्यालय | रामवस्ती-३ |
| २५ | मदन आश्रित स्मृति आधारभुत | मदनटोल-५ |
| २६ | कृष्ण आधारभुत विद्यालय | कंकड-८ |
| २८ | नवदुर्गा आधारभुत विद्यालय | मोतियाफांटा-८ |
| २९ | दिपशिखर आधारभुत विद्यालय | विचफांटा-९ |
| ३० | बालजागृति आधारभुत विद्यालय | त्रिभुवनस्ती-६ |

| क.स | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| ३१ | नमुना रामजी आधारभुत विद्यालय | जनकवस्ती-४ |
| ३२ | अलंकार आधारभुत विद्यालय | विकासवस्ती-१० |
| ३३ | पशुपति आधारभुत विद्यालय | भिमवस्ती-१० |

## १५. प्राथमिकता तथा उदेश्य

पुर्नवास नगरपालिकाले यस नगरपालिकालाई दिर्घकालिन सोचमा आधारित समृद्धिको मार्गप्रसस्त गर्न देहाय बमोजिमको प्राथमिकता निरधारण गरेको छ ।

- ❖ आर्थिक विकास
- ❖ पर्यटन प्रबर्द्धन क्षेत्रको विकास
- ❖ सामाजिक विकास
- ❖ विद्युतिय समस्याको समाधान
- ❖ वन,वातावरण तथा सरसफाई
- ❖ सुशासन प्रबर्द्धन
- ❖ प्राकृतिक तथा मानविय विपद् व्यवस्थापन आदि रहेका छन् ।
- ❖ सेवा प्रवाह, पुर्वाधार विकास, रोजगारी तथा उद्यमशिलता आदिमा संघ, प्रदेश, स्थानीय तह र विभिन्न दातृ संस्था सगको साझेदारीमा संचालन हुने कार्यक्रम

**उदेश्यहरुः**

- ❖ नगर क्षेत्रभित्र रहेका श्रोत साधन अवसरको उच्चतम प्रयोग गरी रोजगारी सृजना गर्ने
- ❖ नगर क्षेत्रभित्र हुने लैङ्गिक, सामाजिक, धार्मिक, जातीय आदिको विभेद, शोषण र अन्त्य गरि सभ्य समाजको निर्माण गर्ने
- ❖ नगर क्षेत्रभित्रका विविध जातजाती, धर्म, संस्कृति चालचलन, रितिरिवाजका साथै धार्मिक, सास्कृति र प्राकृतिक सम्पदाको संरक्षण संबर्द्धन गरी पर्यटन पुर्वाधार निर्माण गर्ने

- ❖ नगर क्षेत्रभित्रका मुल सडक तथा सहायक सडकहरुको स्तरोन्नति, मर्मत संभार गरी बाह्रै महिना संचालन हुने व्यवस्था मिलाउने
- ❖ कम भोल्टेजबाट सृजित समस्याको समाधानका लागि उचित कदम चाल्ने
- ❖ आम नगरबासीहरुलाई आधारभुत आवश्यकता परीपुर्ति गर्दै गरीबी र पछौटेपनको अन्त्य गर्ने
- ❖ सिचाई, यान्त्रिकरण विविधिकरण र बजारीकरण मार्फत कृषि क्षेत्रको विकासलाई जोड दिइनेछ
- ❖ आर्थिक प्रशासनिक सुशासन कायम गर्न विद्युतिय शासनलाई प्रवर्द्धन गर्ने
- ❖ शान्ति सुरक्षा तथा अमनचयनका साथै अपराध न्युनिकरण र नियन्त्रणका लागि सम्भावित जोखिम युक्त स्थानीयहरुमा CCTV क्यामरा जडान कार्यलाई बढवा दिईने ।
- ❖ परम्परागत रुपमा अंगाल्दै आएको पशु पालनलाई ब्यवसायिककरण गरी दुध तथा मासुमा आत्म निर्भर हुने
- ❖ नतिजा मुखि दिर्घकालिन प्रभाव हुने प्रकृतिका योजनाका साथै रोजगारी सृजना हुने खालका योजना समावेश गर्ने

## १६। आर्थिक वर्ष २०८१/०८२ का लागि तय भएका प्रमुख क्षेत्रगत नीतीहरु तथा कार्यक्रमहरुः

नीति तथा कार्यक्रम तयार पार्दा यस नगरपालिकाले निम्न विषय र पक्षहरुलाई आधारहरुको रूपमा व्यहोरा प्रस्तुत गर्दछु ।

- नेपालको संविधान, २०७२ को प्रस्तावना, मौलिक हक, राज्य निर्देशक सिद्धान्त, राज्यका नीतिहरू, स्थानीय कार्यप्रणाली एवं एकल तथा साझा अधिकार सूची,
- संघीय तथा प्रदेश सरकारले अंगीकार गरेका, आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- नेपालले अन्तर्राष्ट्रिय जगतमा गरेका प्रतिबद्धताहरू,
- संघीय तथा प्रदेश सरकारका आ.व. २०८१/८२ नीति तथा कार्यक्रमहरू,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विभिन्न नियमावलीका प्रावधानहरू
- विकासका समसामयिक मुद्दाहरूः सामाजिक संरक्षण, दिगो विकास लक्ष्यहरू, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुल्ला दिशामुक्त तथा पूर्ण सरसफाई, पूर्ण खोपयुक्त तथा ऊर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरू
- जनता सामु गरिएका प्रतिबद्धता र गाउँवासीले समयसमयमा दिनुभएका सुझावहरू,

- पुर्नवास  नगरपालिकाको आवश्यक देखेका विभिन्न विषयहरु|

उपर्युक्त आधारमा यस आर्थिक बर्षका योजना तथा बजेट कार्यक्रम छनौट गर्न निम्न प्राथमिकता क्षेत्र तोकिएका छन् :

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
- उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
- शैक्षिक तथा स्वास्थ्यमा गुणात्मक विकास हुने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने,
- स्थानीय श्रोत साधन र सीपमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने,
- सेवा प्रवाह, संस्थागत क्षमता अभिवृद्धि र सुशासनमा योगदान पुर्याउने,
- दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्धन गर्न सघाउ पुर्याउने,
- स्थानीय तहले आवश्यक देखेको अन्य बिषयहरु|

## १७. विषयगत रुपमा तयार पारिएका नीतिहरु:

### १७.१ आर्थिक विकास नीति

**क) कृषि सम्बन्धि नीति**

- ❖ परम्परागत जीविकोपार्जन गर्नका लागि मात्र गरिने खेती प्रणाली भन्दा पनि आधुनिक तथा व्यवसायिक खेति प्रणाली अवलम्बन गर्न कृषकलाई प्रोत्साहन गरिने छ ।
- ❖ उपलब्ध स्थानीय स्रोत, श्रम सिप र पुजिको उच्चतम प्रयोग गरी कृषको व्यवसायिकरण र यान्त्रीकरणको माध्यमबाट उत्पादनमा वृद्रि गरी खाद्य अधिकार सहित खाद्य सुरक्षा सुनिश्चित गरिनेछ ।
- ❖ अनियन्त्रित रुपमा आयात हुने अस्वस्थ्य तरकारी लगायतका खाद्य पदार्थ आयातमा न्युनिकरण गर्न पहल गरिने छ ।
- ❖ बेमौसमी तरकारी खेतिलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालनमा ल्याईने छ ।
- ❖ एक वडा एक कृषि उत्पादन कार्यक्रमको अवधारणालाई अवलम्बन गर्दै विभिन्न संघ संस्थाहरुसँगको सहकार्यमा एक वडा एक कृषि उत्पादन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ❖ वास्तविक कृषकहरुको तथ्याङ्क संकलन गरी कृषक पहिचान कार्यक्रम लागु गर्नुका साथै कृषि बीमा कार्यक्रममा जोड दिईने छ ।

- ❖ वास्तविक कृषकको पहिचान गरी स्थानीय वातावरण सुहाउदो मागको आधारमा व्यवसायिक कृषि तालिम प्रदान गरीने छ ।
- ❖ उत्पादित बस्तुको बजारीकरण गर्न नगरपालिका द्वारा विभिन्न निकाय सँग सहजीकरण गरीनेछ ।
- ❖ माटो परिक्षण कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।
- ❖ कृषि उत्पादनमा प्राङ्गारिक मलको प्रयोग गरी उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- ❖ मुक्त कमैया, मुक्त हलिया एकल तथा दलित महिला लगायत जीवनस्तर सुधारका लागि उनिहरुकै रोजाईको आयआर्जनका कार्यक्रमहरु छनोट गरी त्यस्ता कार्यक्रम संचालन गर्न अनुदान तथा समन्वयको व्यवस्था गरिनेछ ।
- ❖ कृषि प्रविधि र बजार मुल्य सम्बन्धि सुचना प्रणाली थप प्रभावकारी बनाईनेछ ।
- ❖ नगरपालिका क्षेत्रका सम्भावना बोकेको बस्तुहरुको आधुनिकीकरण तथा ब्यवायीकरण गर्दै सो बस्तुहरु तयार धान गहुँ मकै मसुरो आलु तथा मौरीपालन च्याउखेतिलाई क्रमिक रुपमा आत्मनिर्भर बनाउन मुल बीउ तथा उन्नत बीउ अनुदानमा बितरण गरी सहयोग गरिनेछ ।
- ❖ कृषि उपज बजार तथा संकलन केन्द्र एवं शीत भण्डारको निर्माण गर्न सहकारीसँग समन्वय गरी कार्यलाइ निरन्तरता दिइनेछ ।
- ❖ नगरपालिका क्षेत्रभित्र सम्भावना बोकेका बस्तु तथा क्षेत्रहरूको पहिचान गरी उपयुक्त कार्यक्रम लागु गरिनेछ ।
- ❖ खेति योग्य जमिनलाइ बाँझो राख्ने प्रवितिलाइ निरूत्साहित गर्दै कृषको दिगो एवं भरपर्दो योजना बनाइ विभिन्न प्रकृतिका फलफुलको बगैचा, केरा खेति तथा उखु खेति सम्बन्धि अनुदान कार्यक्रमको सुरूवाता गरिनेछ ।
- ❖ कृषिमा आधारित उद्योगहरु स्थापना गर्न आवश्यक पहल गरिनेछ । रोजगारीमा वृद्धिका साथै कृषि पर्यटनको विकासमा युवा कृषकलाई आकर्षित गर्ने खालका कार्यक्रम संचालनमा ल्याइने छ ।
- ❖ उत्पादित बस्तुहरुलाई बजारीकरणका लागि पायक पर्ने ठाउँहरुमा हाट बजार तथा संकलन केन्द्र स्थापना गरी प्रवर्द्धन गरिनेछ ।

- ❖ समग्र कृषि क्षेत्रको विकास गरी नगरपालिकालाई समृद्ध नगरपालिका बनाउनको लागि अल्पकालिन तथा दीर्घकालिन योजनाहरु तयार गरी कार्यक्रमहरु कार्यान्वयनमा ल्याईने छ ।
- ❖ व्यवसायिक कृषि फर्म संचालन गरि अघि बढेका कृषकहरुलाई प्रोत्साहनमुलक कार्यक्रम लागु हुनेछ ।
- ❖ नगरपालिका क्षेत्र भित्र सम्भावना बोकेका कृषि उत्पादन र हरित गाउँ बनाउन तरकारी खाद्यान्न, आलुबाली फलफूल खेति बीमा सम्बन्धि नगरस्तरीय तालिम र फिल्डमा समुह परिचालन र समस्या पहिचान गरि समाधानको लागि स्थलगत घुम्ति तालिम संचालन गरिनेछ ।
- ❖ संघ र प्रदेश सरकारको समन्वय र सहयोगमा बाली तथा कृषि बस्तुहरुलाई पकेट ब्लक जोन तथा सुपर जोन जस्ता उत्पादन केन्द्रको स्थापनामा जोड दिइनेछ ।
- ❖ हरेक टोल टोल बस्तिहरुमा कृषक समुह वडा तथा नगरपालिकामा कृषक समन्वय समिति गठन गरिनेछ ।
- ❖ बजारीकरण तथा कृषि उपज बजारको अनुगमन नियमन तथा समन्वय गरिनेछ ।
- ❖ कृषि सेवालाई व्यवस्थीत बनाउन आवश्यक थप व्यवस्था गरिनेछ ।
- ❖ अनुदानको प्रयोजनका लागि मात्र दर्ता हुने वा भएका कृषि तथा पशुपन्क्षी फार्महरुलाई निरुत्साहीत गरिनेछ ।

**ख. पशु विकास तर्फ**

- ❖ पशुपंक्षीमा हुने विभिन्न जोखिम न्युनिकरण गर्न विभिन्न चेतनामुलक कार्यक्रम संचालन गरिने छ ।
- ❖ पशु विकास शाखाबाट प्रदान गरिने अनुदानका कार्यक्रमहरुमा पशु बीमा अनिवार्य गरिने नीति अवलम्बन गरिने छ ।
- ❖ पशु नश्ल सुधारको लागि कृतिम गर्भाधान गर्न तरल नाइट्रोजन, जमेको विर्य लगायतका सेवा तथा समाग्रीको व्यवस्थापन तथा प्रवर्द्धनका कार्यक्रमहरु थप प्रभावकारी बनाउदै लगिनेछ ।सोको लागि गाई, भैसी र बाख्रामा कृतिम गर्भधान कार्यक्रमको निरन्तरता, क्षेत्र विस्तार, प्राविधिकको दक्षता वृद्धि र आवश्यक उपकरण उपलब्ध गराईने नीति दिईने छ ।

- कृषकहरुको सीप विकास गर्न विभिन्न तालिम संचालन गरी दुध, माछा, मासु र अण्डामा आत्म निर्भर हुने नीति अवलम्बन गरिनेछ ।
- बजारको अवस्था र कृषकको आवश्यकता अनुसार कृषकहरुका लागि सीपमुलक र आयमुलक तालिम तथा कार्यक्रमहरु संचालन गरिनेछ ।
- पशु स्वास्थ्य प्रभावकारी बनाउनका निम्ती गोबर परिक्षण, दुध तथा रगत परिक्षणका लागि प्रयोगशाला निर्माण तथा उपचार कक्ष सुधार कार्यक्रम संचालन क्रमिक रुपमा सुधार गरिनेछ ।
- रेविज रोग उन्मुलनका साथै विभिन्न रोगहरुको व्यवस्थापनका लागि खोप कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक कुकुरको बन्ध्याकरण कार्यक्रमलाई अगाडी बढाउन पहल गरिनेछ ।
- विदेशबाट फर्केर स्वदेशमा नै पशुपन्क्षी पालन गरि स्वरोजगार सृजना गर्ने ब्यक्ति वा समुहलाई संघ र प्रदेश सरकारको सहयोग र समन्वयमा पशुपंक्षि पालन अनुदान कार्यक्रम संचालन गरिनेछ ।
- पशुपंक्षि आहारको दिगो व्यवस्थापनका लागि तालिम,औजार, उपकरण वितरण कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- पशु संकलन केन्द्र, हाट बजार, बधस्थल थोक बजार स्थापना र संचालन गर्न निजी तथा सहकारी संस्थाहरुको समेत संलग्नता हुने गरी कार्यक्रमहरु संचालन गरिनेछ ।
- नगर क्षेत्रभित्र रहेका फ्रेस हाउस बधशाला पशु आहार उद्योग औषधि पसल डेरी उद्योगहरुको गुणस्तर तथा आधुनिकिकरणका लागि अवलोकन भ्रमण क्षमता अभिवृद्धि अनुगमन तथा नियमन कार्यक्रमलाई थप व्यवस्थित गरिदै लगिनेछ ।
- जेनेटिक रोगहरुको बारेमा जनचेतनामुलक कार्यक्रमहरु गरिनेछ ।
- पशु विकास शाखाका सेवा केन्द्रहरुमा सेवा लिन नसकेका क्षेत्रहरुमा पशु स्वास्थ्य तथा बाँझोपन निवारणका लागि शिविर संचालनलाई निरन्तरता दिईनेछ ।
- सहायक स्तरका कर्मचरीलाई आवश्यक तालिमको व्यवस्था सँगै कार्यालय संचालन तथा व्यवस्थापन पक्षलाई सुदृढिकरण गर्दै लगिनेछ ।

**ग. राजश्व सुधार तर्फ**

- ❖ नगरपालिकाको आन्तरीक आय वृद्धि गर्न करको दायरा फराकीलो गर्ने नीति अवलम्बन गरिनेछ ।
- ❖ राजश्व संकलनलाइ प्रभावकारी, छिटो छरितो सहज गर्न वडा कार्यालयबाटै राजश्व संकलन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- ❖ करदातालाई प्रोत्साहान गरी स्वैच्छिक रुपमा कर बुझाउने परिपाटीको विकास गरिने छ।
- ❖ राजश्व सुधार कार्य योजनालाई परिस्कृत र परिमार्जन गरी राजश्व संकलनलाई प्रभावकारी बनाउने नीति लिईनेछ।
- ❖ राजश्व संकलनलाई आधुनिक प्रविधि मैत्रि बनाईनेछ ।
- ❖ नगर क्षेत्र भित्र सञ्चालन गरीने विभिन्न ब्यापार ब्यवसायलाई अनिवार्य रुपमा दर्ता गरी कर प्रणालीमा आवद्ध गरिनेछा
- ❖ बिना दर्ता सञ्चालन भएका ब्यापार ब्याबसायीहरुलाई करको दायरामा ल्याउन पुम्ति ब्यवसाय दर्ता शिबिर संचालन गरीनेछ।

## १७.२ उद्योग तथा व्यापार नीति तथा कार्यक्रम

- ❖ रोजगार गुमाई बेरोजगार रहेका युवाको सिप अनुसार ब्यापार ब्यवसाय तथा उद्योग सञ्बालन गर्न आवश्यक वातावरण तयार गरी सहज गरीने छ।
- ❖ सार्वजनिक तथा निजी क्षेत्र साझेदारीको अवधारणालाई विशेष जोड दिइने छ।
- ❖ कृषि तथा पशुजन्य उद्योग सञ्चालनमा विशेष जोड दिई त्यस्ता उद्योग सञ्चालन गर्न आवश्यक पर्ने कानूनी प्रक्रियाई सहज बनाउने नीति अवलम्बन गरीने छ।
- ❖ बेरोजगार भई बसेका युवाहरुलाई उद्यमी बनाउन मागका आधारमा विभिन्न किसिमका सीप तथा तालिम संचलन गरिनेछ।
- ❖ बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित उपलब्धिमुलक र व्यवस्थित बनाउन कार्यक्रम संचालन गरिनेछ।
- ❖ घरेलु तथा साना उद्योग र लघु उद्यम विकास कार्यक्रमलाई प्रवर्द्धन गर्ने नीति लिई कानुन बमोजिम घरेलु तथा साना उद्योगहरुको नियमानुसार दर्ता र नविकरणको व्यवस्था मिलाइनेछ।
- ❖ स्थानिय तहमा रहेका सीपलाई खोजी गरी प्रबर्द्धन गर्दै व्यवसायिक र उद्यमशिल बनाईनेछ ।
- ❖ उद्योग ब्यवसायीहरुलाई आफ्नो पेशा ब्यवसायबाट पलायन हुन नदिन आवश्यक निति निर्माण गरी व्यवसाय निरन लागि प्रोत्साहान गरिनेछ।
- ❖ नगरपालिका भित्र मझौला तथा साना उद्योग स्थापना तथा सञ्चालन गर्न स्वदेशी तथा विदेशी लगानी कर्ताहरुला वातावरण तयारी गरिनेछ ।
- ❖ उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशिलता विकास, प्राविधिक सिप विकास तालिम, लघु वित्तमा उपयुक्त प्रविधिमा पहुँच तथा हस्तान्तरण र वस्तु/सेवा वजारीकरण, व्यवसाय परामर्श तथा अवलोकन भ्रमण जस्ता सृजना गर्न लघु उद्यम विकास कार्यक्रमको माध्यमबाट आर्थिक पुजि सृजना गरीनेछ।

- यस पुनर्वास नगरपालिकाको उद्यम विकास समितिले छनौट गरेका वडाहरुमा बैदेशिक रोजगारबाट फर्किएका, बेरोज अति विपन्न परिवारलाई उद्यमशिलता विकासको माध्यमबाट मागमा आधारित सिपमुलक तालिमहरु संचालन रोजगारी सृजना गर्न बजेट विनियोजन गरिनेछ।
- सिप विकास तालिम लिईसकेका र स्तरोन्नती गर्ने लघु उद्यमीहरुलाई आवश्यक मेशिन, औजार, टेवा सामाग्री हस्तान्तरण गर्ने कार्यक्रम गरिनेछ ।
- मेडपा मोडेल सञ्चालन गरिनेछ

## १७.३ सास्कृतिक तथा पर्यटन

- नगर क्षेत्रभित्रका विभिन्न मठ मन्दिर, गुम्बा, चर्च, गुम्बा लगायतका अन्य धार्मिक तथा पर्यटकिय क्षेत्रहरुको पूर्वाधार विकास गरी पर्यटन क्षेत्रको प्रवर्द्धन गरीनेछ .
- पुनर्वास नगरपालिकामा बसोवास गर्ने आफ्नै मौलिक संस्कृति भएका विभिन्न जातजातीका रीतिरिवाज, भेषभुषा, संस्कृति आदिको जर्गेना सँगै प्रवर्द्धन गरिनेछ।
- नगर क्षेत्र भित्र रहेका सामुदायीक बनमा पिकनीक स्पोट वनाउन आवश्यक पहल गरिने छ।
- वडा नं. ९ को प्याराताल लगायतका विभिन्न ताल र अन्य क्षेत्रहरुलाई संरक्षण, संम्बर्द्धन गर्दै पर्यटन पुर्वाधारको रुपमा विकास गरीदै लगिनेछ ।
- वडा नं १ मा रहेको राना थारु संग्राहालयलाई आन्तरीक पर्यटनको रुपमा संञ्चालनमा ल्याइनेछ।
- नगर क्षेत्र भित्र रहेका बिभिन्न तालहरुको संरक्षण सम्बर्द्धन गरी पर्यटन प्रवर्द्धन गरीनेछ।

## १७.४ सहकारी नीतिः

- स्थानिय सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम सञ्चालन गरिनेछ ।
- सहकारी संस्थाहरुलाई आधुनिक प्रविधिमैत्री बनाउन लागत सहभागितामा उपकरण खरिद गरी उपलब्ध गराईनेछ।
- समान प्रकृतिका सहकारी संस्थाहरु एक आपसमा गाभिन वा एकिकरण गर्ने निति अवलम्बन गरिनेछ ।
- सहकारी संस्थाहरुसँग मागका आधारमा संयुक्त लगानि लागत सहभागितामा कार्यक्रम सञ्चालन गरिनेछ।
- सहकारी संस्थाहरुको कारोबार पारदर्शी गर्न सहकारी संस्थाहरुले अनिवार्यरुपमा सार्वजनिक सुनुवाई गर्नुपर्ने रणनीति लिईनेछ।
- सहकारी संस्थाहरुको अनुगमन, निरीक्षण, मुल्याङ्कन कार्यलाई प्रभावकारी बनाईनेछ।
- नयाँ गठन भएका र निष्क्रिय सहकारीको संस्थागत क्षमता अभिवृद्धिका लागि सहकारी शाखासँगको परामर्शमा आवश्यक तालिम सञ्चालन गरिनेछ।
- सहकारीहरुले अनिवार्य रुपमा मासिक प्रगति प्रतिवेदन पेश गर्नुपर्ने ब्यवस्था गरिनेछ र विवादित सहकारीहरुलाई सहकारी विज्ञहरुको समितिबाट समाधान गर्न पहल गरिनेछ।
- सहकारी संस्थाहरुलाई यन्त्र उपकरण खरिदमा अनुदानलाई व्यवस्थित गर्न कार्यविधि निर्माण गरिनेछ।

- ❖ उत्पादन, प्रशोधन र वजारीकरणमा कारोबार गर्ने सहकारीलाई प्रोत्साहन अनुदान सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ सहकारीहरुमा अनिवार्य रुपमा लागू गर्नुपर्ने (COPOMIS) कोपोमिस हरेक सहकारीहरुले अनिवार्य लागू गर्नुपर्नेछ।

## १७.५ सामाजिक विकास नीतिः

**क) शिक्षा**

- ❖ "हाम्रो सभ्य पुनर्वास नगर, गुणस्तरीय शिक्षामा समतामुलक अवसर" भन्ने आदर्श वाक्यलाई आधार मान्दै नगरका प्रत्येक विद्यालयहरुमा भौतिक, प्राविधिक तथा वातावरणीय पक्षमा सुधार गरी वालमैत्रि, लैङ्गिकमैत्रि तथा अपाङ्गमैत्रि वातावरण सृजना गरी सिकाइलाइ थप प्रभावकारी बनाइनेछ।
- ❖ शिक्षा सम्बन्धि अधिकारहरुको कार्यान्वयनका लागि आवश्यक शिक्षा सम्बन्धि कानूनहरु तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।
- ❖ विद्यालयमा दरवन्दि मिलान गरी शिक्षक विद्यार्थी अनुपात तथा कक्षा, विद्यार्थी अनुपात उपयुक्त वनाईनेछ ।
- ❖ शिक्षक दरवन्दी कम भएका विद्यालयहरुमा शिक्षण सहयोग अनुदानको व्यवस्था गरी पठन पाठन संञ्चालन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- ❖ विद्यालय शिक्षक कर्मचारीहरु तथा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने कामलाइ निरन्तरता दिइनेछ।
- ❖ विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याइनेछ।
- ❖ साक्षर पुनर्वासको अवधारणालाई निरन्तरता दिन निरन्तर शिक्षाका कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ।
- ❖ कक्षा ५ र कक्षा ८ को वार्षिक परीक्षा नगरस्तरमा सञ्चालन गरी उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरुलाई पुरस्कृत गर्ने नीति लिईनेछ।
- ❖ विषम परिस्थितिमा बालबालिकाहरुको सिकाई कार्यलाई निरन्तरता दिन संघिय सरकार र प्रदेश सरकारको समन्वयमा विद्युतिय सामाग्री, छापा सामाग्रीको प्रयोग एवं बैकल्पिक सिकाईको व्यवस्था गरिनेछ ।
- ❖ सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि तथा प्रोत्साहनको लागि आधारभुत र माध्यामिक तहका विद्यालयहरु एवं शिक्षकहरु मध्येवाट उत्कृष्ट कार्यसम्पादन भएका विद्यालयहरु र शिक्षकहरु छनौट गरि प्रत्येक वर्ष पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।
- ❖ बालविकास शिक्षक, विद्यालय कर्मचारी, विद्यालय सहयोगी र सामुदायीक सिकाई केन्द्रका सहजकर्ताहरुलाई नगरपालिकाबाट थप प्रोत्साहान सुविधा उपलब्ध गराईने नीतिलाई निरन्तरता दिईनेछ।
- ❖ विद्यार्थीहरुमा लुकेर रहेको प्रतिभाहरुलाई उजागर गरी भविष्यमा उनिहरुको रुची एवंम क्षमतालाई मजबुद बनाउदै लैजानका लागि विभिन्न विधामा नगरस्तरीय विद्यार्थी प्रतियोगिताहरु संचालन गरी प्रतिभाहरुको पहिचान गरिनेछ।

- विद्यालयमा बाल उद्यान निर्माण गर्न प्रोत्साहान गर्ने निति लिइनेछ ।
- विद्यालय निरीक्षण र अनुगमन कार्यलाई नियमित र व्यवस्थित गरी शैक्षिक गुणस्तर अभिवृद्धिसँग आवद्ध गरिनेछ।
- संस्थागत र सामुदायिक विद्यालयका पदाधिकारीहरुलाई एकै ठाउँमा राखी विद्यालयमा भएका असल अभ्यास र समस्या
- पहिचान गरी कार्यान्वयन योजना बनाई कार्यान्वयन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रका आदीबासी, दलित तथा विपन्न समुदायका जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक तर्फ उच्च शिक्षा आर्जनका लागि प्रोत्साहन स्वरुप प्रति विद्यार्थी छात्रवृत्ति उपलब्ध गराईनेछ ।
- शैक्षिक सूचना व्यवस्थापन प्रणालिलाई व्यवस्थित गर्दै उपलब्ध सेवालाई छिटो छरितो र गुणस्तरीय बनाईने छ।
- कम्प्युटर नभएका आधारभूत विद्यालयहरुलाई कम्प्युटर उपलब्ध गराइनेछ ।
- One Teacher One Laptop Program लाई क्रमशः सञ्चालनमा ल्याईनेछ।
- विद्यालयहरुमा कक्षा कोठा ब्यवस्थापनमा आधुनिक प्रविधिको जडानलाई निरन्तरता दिईनेछ।
- संघ र प्रदेश सरकारले ल्याएका शिक्षा सम्वन्धि नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।
- दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सर्सफाई र स्वच्छता सम्वन्धि कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ् गरी प्रभावकारी बनाईनेछ ।
- विद्यालय कम्पाउण्ड भित्र वृक्षारोपण गरी हरियाली बनाईनुका साथै रंगरोगन गरी आकर्षक बनाउन प्रोत्साहान गरीनेछ।
- स्थानीय पाठ्यक्रम बमोजिम स्थानीय पाठ्यपुस्तक तथा पाठ्य सामाग्री निर्माण गरी सबै विद्यालयहरुमा लागू गरिनेछ ।
- सामुदायीक विद्यालयहरुमा रहेका ई हाजिरी सिस्टमलाई कार्यान्वयनमा ल्याई शिक्षकको उपस्थिति सम्वन्धि अभिलेखल व्यवस्थित तथा सुधार गरिनेछ।
- आँखा जाँच केन्द्र तथा अस्पतालहरुको सहकार्यमा विद्यार्थी तथा शिक्षकहरुको विद्यालयमै नियमित आँखा जाँच गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेको जनता बहुमुखी क्याम्पसको स्तरोन्नतीमा जोड दिइनेछ ।
- नगरपालिकाको पुनर्वास जनता मा.वि मा रहेको एक मात्र स्रोत कक्षा (बहिरा विद्यालय) लाई थप व्यवस्थित गर्दै तह बढाउन आवश्यक पहल गरिनेछ ।
- शिक्षालाई प्रत्यक्ष रुपमा नकारात्मक प्रभाव पार्ने सामाजिक कुरिति, खुल्ला संस्कृतिलाई नियन्त्रण गरि शिक्षित र समुन्त समाजको लागि सामाजिक वातावरण तयार पारिनेछ ।
- सहिद गोविन्द गौतमका सन्ततीलाई छात्रवृती निरन्तरता दिइ सहिद गोविन्द वि.क. का सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराइनेछ।
- विज्ञान तथा प्रबिधि विकास गरी नवप्रवर्धन तथा अनुसन्धान कार्यलाई प्राथमिकतामा राखिनेछ ।

**ख) स्वास्थ्य**

- ❖ महिला स्वास्थ्यको संवेदनशलितालाई ध्यानमा राखि नगरका विभिन्न वडाहरुमा स्वास्थ्य सम्वन्धि चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने निति अवलम्वन गरिनेछ।
- ❖ गाउघर क्लिनिक स्थापना तथा सञ्चालनलाई निरन्तरता दिईनेछ।
- ❖ समयमा नै औषधि तथा खोपको आपुर्ति ब्यवस्थाको सुनिश्चितता गरिने छ।
- ❖ नगरपालिका र विभिन्न संघ संस्थाको सहकार्यमा विभिन्न समयमा रक्तदान कार्यक्रम संञ्चालन गरिनुका साथै रेडक्रस सँगको सहकार्यमा ब्लडको पोकामा लाग्ने शुल्क पुनर्वासका जनताले प्रयोग गरेबापत निशुल्क प्रयोग गर्ने व्यवस्था मिलाइनेछ।
- ❖ स्वास्थ्यकर्मिहरुका लागि विभिन्न तालिमको व्यवस्था गरिने छ।
- ❖ आवश्यक औषधि खरिद प्रक्रियामा सरलिकरण गरी औषधि आपूर्ति ब्यवस्थालाई सुनिश्चित गरिने छ।
- ❖ निरन्तर रुपमा स्वास्थ्य संस्थाहरुको अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था मिलाइनेछ।
- ❖ निजि क्षेत्रका अस्पताल तथा फार्मेसीहरुको नियमन, दर्ता तथा नविकरणको लागि प्रचलित कानूनमा भएको व्यवस्था कार्यान्वयन गर्न कडाई गरिनेछ।
- ❖ समाजमा ब्याप्त बाल कुपोषण, महिलाहरुको रक्त अल्पता, नसर्ने रोगहरुको ब्यापकता, प्रजनन स्वास्थ्य लगायतका क्षेत्रमा नगरपालिकाले विशेष ध्यान दिई आवश्यक बजेट सहित कार्यक्रम सञ्चालन गर्नेछ।
- ❖ सबै उमेर समुहको जनसंख्यामा गुणस्तरिय आधारभुत स्वास्थ्य सेवाको पहुँचमा जोड दिईनेछ।
- ❖ स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारहरु क्रमशः निर्माण गरिदै लगिनेछन ।
- ❖ सामुदायिक महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई प्रोत्साहान, उत्प्रेरणा र क्षमता अभिवृद्धिका लागि आवश्यक क्रियाकलाप संचालन गरिनेछ।
- ❖ विद्यालय स्वास्थ्य प्रवर्धन क्रियाकलापमा जोड दिईनेछ।
- ❖ कुपोषणको रोकथाम गर्न बहुक्षेत्रिय समन्वय र सहकार्य गरी साझा रणनिति अवलम्बन गरीने छ।
- ❖ पुनर्वास नगरपालिकालाई पूर्ण संस्थागत सुत्केरीयुक्त नगरपालिकाको रुपमा लैजानका लागि बर्थिङ सेन्टरलाई विस्तार गर्नुका सधै बर्थिङ सेन्टरमा कार्यरत दक्ष प्रसुतिकर्मीको क्षमता दक्षता अभिवृद्धि गर्दै लगिनेछ।
- ❖ सिकल सेल, हेमोफिलिया र बलासिमिया रोगको परिक्षण उपचार तथा प्रेषणका लागि आवश्यक कार्यक्रमहरु लागू गरिनेछ।
- ❖ जेष्ठ नागरिकहरुको निःशुल्क स्वास्थ्य चेक जाँचका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ लैंगिक विभेद, बालविवाह, छाउपडि प्रथा, छुवाछुत प्रथा जस्ता सामाजिक विकृति र तत् सम्वन्धमा भएका विभिन्न कानुनी व्यवस्था बारे सचेतिकरणका कार्यक्रमहरु संचालन गरिनेछ। साथै हिंसाविरुद्ध शून्य सहनशिलताको नीति लिइनेछ ।
- ❖ नगरपालिकामा एक सर्पदंश उपचार केन्द्रको स्थापना साचे रेविज रोग उपचारका लागि आवश्यक पहल गरीनेछ। पुनर्वास नगरपालिका भित्र बसोबास गर्ने नगरवासीका लागि आवश्यक पर्ने रगत रेडक्रसबाट लिदा लाग्ने रकम छुटका लागि रेडक्रस सँग समन्वय गरी रगत निशुल्क हुने व्यवस्था गरीनेछ ।
- ❖ सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- ❖ वडा स्वास्थ्य भवन नभएका वडाहरुमा वडा संवास्थ्य कार्यालय स्थापना गरिनेछ ।

**ग)महिला विकास, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता**

- ❖ हिंसामा परेका महिलाहरुको सुरक्षालाई मध्यनजर गरी त्यस्ता महिलाहरुका लागि नजिक पालिका सँग समन्वय गरी अस्थायी आवासको व्यवस्था गरिनेछ।
- ❖ आर्थिक, सामाजिक, लैङ्गिक रुपमा पछाडी परेका महिला, बालबालिका, दलित ज्येष्ठ नागरीकहरुको स्वास्थ्य वीमालाई पहिलो प्राथमिकता दिई सोही अनुसार कार्यक्रम लागू गरि स्वास्थ्यमा सुधार गर्दै लगिनेछ।
- ❖ लागू औषध न्यूनिकरणका लागि आवश्यक पहल गरिनेछ। नगरपालिकालाई स्वच्छ र स्वस्थ बनाउन लागू औषध र दुर्व्यसन बिरुद्ध सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ❖ लोक सेवा, शिक्षक सेवा लगायतका प्रबेश परीक्षाका तयारी कक्षा सञ्चालन गरिनेछ।
- ❖ नगर क्षेत्र भित्रका बालबालिका तथा किशोर किशोरिहरुको क्षमता अभिवृद्धि गर्नुका साथै लागूऔषध, बालविवाह, छुवाछुत जस्ता सामाजिक विकृति तथा कुरीतिको विरुद्धमा सचेतना र जागरण अभियान संचालन गरिनेछ।
- ❖ नगरपालिका क्षेत्रमा कार्यक्रम संचालन गर्ने गैह्र सरकारी र अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरुलाई नगरपालिकामा समेत दर्ता, नविकरण र नियमन हुनुपर्ने ब्यवस्था मिलाइनेछ।
- ❖ नगर क्षेत्रभित्र हुने महिला हिंसा लगायत चेलिबेटी बेचविखन जस्ता गैरन्यायिक कार्यहरुलाई रोक्न विशेष पहल गरिनेछ।
- ❖ पारिवारीक संरक्षणबाट बंचितिमा परेको बालबालिका लगायत हरेक प्रकारका ब्यक्तिको संरक्षणका लागि त्यस क्षेत्रमा काम गर्ने संघ संस्थाहरु सँग समन्वय र सहकार्य गरिनेछ।
- ❖ विभिन्न लक्षित वर्गहरुको क्षमता अभिवृद्धिका लागि क्षमता अभिवृद्धि सम्वन्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- ❖ सामाजिक समावेशिताका आधारमा समुदायमा रहेका अल्पसंख्यक, लैंगिक तथा यौनिक अल्पसंख्यक, लैगिंक हिंसा पीडित, अपाङ्गता भएका व्यक्ति, विपन्न, सिमान्तकृत व्यक्तिहरुको आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरण मार्फत सामाजिक रुपमा शसक्त र आर्थिकरुपमा आत्मनिर्भर बनाईने नीति लिईनेछ।
- ❖ समय समयमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ ग्रमिण क्षेत्रका विपन्न, असहाय, गरीब, दलित, जनजाती, आदिबासी, पछाडी पारीएका वर्ग तथा समुदायका महिलाहरुलाई सामुहिक रुपमा आबद्ध गराई जनचेतना जागरण, क्षमता विकास र सामाजिक परिचालनको माध्यमबाट आर्थिक, राजनैतिक र सामाजिक रुपमा उनिहरुलाई विभिन्न आयमुलक कार्यक्रम समावेश गरी क्षमता विकास गराउने निति लिईनिछ।
- ❖ समुहमा आवद्ध महिलाहरुलाई समुह गठन गरी उद्यमशिलताका लागि अग्रसर गराउने नीति लिइनेछ।
- ❖ एकल महिला सम्बन्धि तथ्याङ्क संकलन र समुह गठन गरी उनिहरुको माग र आवश्यकताका आधारमा आयमुलक कार्यक्रमहरु संचालन गरिने नीति लिईनेछ।
- ❖ बालमैत्रि नीति बनाउन आवश्यक पहल गरिनेछ ।
- ❖ जेष्ठ नागरिकहरुलाई आत्मसम्मानका साथ बाँच्न पाउने वातावरण तयार गर्न विभिन्न कार्यक्रम सन्चालन गरिनेछ

- ❖ घरेलु हिंसा अन्त्यका लागि दम्पती सासू बुहारी अन्तक्रिया कार्यक्रम गरिने छ। सामुदायीक प्रहरी साझेदारी जनचेतनामूलक कार्यक्रम लागू गरिनेछ ।

**घ) युवा तथा खेलकुद**

- ❖ पुनर्वास रंगशाला निर्माण गर्न आवश्यक कार्ययोजना बनाई प्रदेश सरकार तथा संघिय सरकारसँग समन्वय गरी डि.पि. बमोजिम कार्य अघि बढाईनेछ।
- ❖ नगर खेलकुद विकास समितिलाई सक्रिय बनाई पुनर्वासको खेलकुद विकासका लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।
- ❖ सबै वडामा रहेका खेलमैदानहरुको साथै प्यारातालसँग जोडीएको सिमा क्षेत्रको ऐलानी जमिनमा खेलकुद मैदान स्तोरोन्नति गरी न्युनतम सुविधायुक्त वनाउन आवश्यक वजेट विनियोजन गरिनेछ।
- ❖ खेलाडीको प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।
- ❖ नगरपालिका भित्रका आम नागरीकको स्वस्थ जिवनशैलिको लागि खेलकुद भन्ने कुरालाई मनन गर्दै नगर क्षेत्रभित्रका सम्पूर्ण खेलाडिहरुको विकासका लागि प्रोत्साहान युक्त कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ विभिन्न वडामा रहेका पार्क तथा खालि जमिनहरुमा खुला व्ययामशाला निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

ङ) **समाजिक सुरक्षा (कल्याणकारी राज्य, दीगो सामाजिक सुरक्षा)**

- ❖ पालिकामा लागु भएको सामाजिक सुरक्षा र संरक्षण कार्यक्रमको प्रभावकारिता सम्बन्धी तेस्रो पक्षद्वारा अध्ययन गराइनेछ।
- ❖ सेवा प्रवाहमा विद्युतीय माध्यमको उपयोग गरी स्वचालित अनलाइन प्रणाली अपनाइनेछ।
- ❖ सामाजिक सुरक्षा र संरक्षण प्राणालीलाई समन्यायिक, सहज, छरितो, दक्ष र पहुँच योग्य बनाइनेछ।

च) **समावेशी विकास**

- ❖ अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण प्रणालीलाई सर्वसुलभ र न्यायसंगत गरिनेछ।
- ❖ सार्वजनिक भौतिक संरचना तथा सञ्चार सेवालाई पहुँचयुक्त, अपाङ्गतामैत्री र भैरहेका संरचनाहरु क्रमस सुधार गरिनेछ।
- ❖ अपाङ्गता भएका व्यक्तिहरुलाई स्वयं हेरचाह र अभिभावकहरुलाई केयर टेकर सम्बन्धी तालिम प्रदान र शारीरिक पक्षघात भई अपाङ्गता भएका व्यक्तिहरुलाइ फिजियोथेरापी सेवा शिविर संचालन गरिनेछ।
- ❖ सामाजिक सङ्घ संस्थाहरूको सहभागितालाई प्रोत्साहन गरी समावेशी विकासलाई अपनत्व लिंदै निरन्तरता दिइनेछ।
- ❖ पुर्नवास नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता, पूर्ण पोषण युक्त नगरपालिका घोषणा, पूर्ण संस्थागत सुत्केरी युक्त नगरपालिकाको दिगोपन तथा निरन्तरता, कार्यक्रमलाई अभियानको रुपमा संचालन गरीनेछ।
- ❖ सुनौलो १००० दिन आमाहरुका लागि जन्मजात विचलन र सुरक्षित आमा स्वास्थ्य वारे प्रवोधीकरण (प्रजनन स्वास्थ्य तथा सचेतना कार्यक्रम) संचालन गरीनेछ।

- ❖ अपाङ्गता भएका व्यक्तिहरू, कुष्ठरोग प्रभावित भएका व्यक्तीहरु, विपन्न तथा गरिव, आरक्ष विस्थापित र अनाथ बालबालिका, तथा परिवारका विद्यार्थीहरुलाई शैक्षिक छात्रवृत्ति कार्यक्रम संचालन गरिनेछ।

**छ. खानेपानी सरसफाई**

- ❖ पुनर्वास नगरपालिकाका हरेक नागरीकलाई शुद्ध पिउने पानीमा पहुँच पुर्याउन नगरपालिका भित्र निर्माण सम्प खानेपानी ट्याङ्की सुचारु गर्न आवश्यक पहल चालिने छ।
- ❖ संघिय सरकारको लागानीमा निर्माणाधिन आई.वि.आर.डि. घ गाऊ ढल निकासका लागि सामुदायीक जन बिकल्प नभएको हुँदा सो जग्गा प्राप्तीका लागि संघिय सरकारसँग आवश्यक पहल चालिनेछ भने टाउनको ढल लागि जग्गा खरिद गर्न आवश्यक वजेट विनियोजन गरीनेछ।
- ❖ २ वा २ भन्दा बढी नगरपालिकाको लागत साझेदारीमा डम्पिङ साईडको सञ्चालन तथा व्यवस्थापन गर्न आ बजेट सहित अन्य कानुनि प्रक्रिया अगाडी बढाईने छ भने डम्पिङ साईड सञ्चालनमा नआउन्जेल नगर क्षेत्रभि वजारको फोहोर व्यवस्थापन गर्न बैकल्पिक व्यवस्था अपनाईने छ।
- ❖ जैविक फोहोरबाट घरमै कम्पोस्ट मल बनाउन प्रेरित गर्दै प्रांगारिक खेतिलाई प्रोत्साहित गरिनेछ।
- ❖ नगर क्षेत्रभित्र संचालन गरिने योजनाहरुको संक्षिप्त वातावरण अध्ययन, प्रारम्भिक बातावरण परीक्षण, वातावर मूल्याङ्कन अनिवार्य रुपमा गर्नुपर्ने ब्यवस्था मिलाईनेछ ।
- ❖ नेपाल सरकारको नीति अनुरुप खानेपानी, सरसफाइ तथा स्वास्थ्य योजना निर्माणका लागि आवश्यक पहल गरिने
- ❖ पु.न.पा. ११ को डोकेबजार क्षेत्रको फोहोरमैला व्यबस्थापन र सार्वजनिक शौचालय निर्माण गर्ने कार्य अघि बढाईने छ ।
- ❖ घरबाट निस्कने जैविक फोहोरको वर्गीकरण गरि व्यवस्थापन गर्न आवश्यक कार्यक्रम संञ्चालन गरिनेछ ।
- ❖ वडा नं ६ प्रतिभानगर वजारको ढल व्यवस्थापनका लागि उचित कदम चालिनेछ ।

## १७.६ पुर्वाधार विकासः

**क)** भौतिक तर्फ

- ❖ नगर क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागि मर्मत सम्भार कोषको व्यवस्था गर्न आवश्यक प्रक्रिय अगाढी बढाईने छ।
- ❖ नगर यातायात गुरुयोजना (Municipal Transportation Master Plan-MTMP) निर्माण गरिनेछ।
- ❖ वडा कार्यालयका भवनहरुमा रहेको अधुरो पर्खाललाई निरन्तरता दिइ पुरा गरीनेछ।
- ❖ प्रदेश सरकार र संघिय सरकारको बहुवर्षिय योजनामा परेका ठेक्का भई केही काम सम्पन्न भई स्थगित भएका सडकको निरन्तरताका लागि प्रदेश तथा संघिय सरकार सँग आवश्यक पहल कदमि चालिनेछ।
- ❖ गत आ.व.मा सम्पन्न हुन नसकेका सम्पूर्ण कालोपत्रे सडक र भवन निर्माणका योजनालाई प्राथमिकताका आधारमा निरन्तरता दिइनेछ ।
- ❖ आन्तरिक पर्यटन प्रवर्द्धन गर्न पूर्वाधारको विकास गर्ने नीति लिइनेछ ।

- ❖ नदि तथा बाढी नियन्त्रणका लागि तटवन्धन गर्न नेपाल सरकारको जनताको तटबन्ध कार्यक्रम सँग समन्वय गरी आवश्यक पहल गरिनेछ।
- ❖ पुनर्वास रंगशाला र कोल्ड स्टोर निर्माण कार्यलाई पहिलो प्राथमिकतामा राखि आवश्यक प्रक्रिया अघि बढाईनेछ ।
- ❖ "गाउँ नगर सडक विस्तार, सम्वृद्धिको मूल आधार" को मूल लक्ष्य सहित ग्रमिण क्षेत्रको पूर्वाधार विकासलाई उत्पादन मूलक र स्थानीय अर्थतन्त्रसँग जोड्न सार्वजनिक नीजि साझेदारीका आधारमा विकास योजनाहरु सञ्चालन गर्ने नीति लिईनेछ।
- ❖ अपांगमैत्री भवन निर्माण, बालमैत्रि भवन निर्माण र Child Care Center बनाउन आवश्यक पहल गरिनुका साथै शिशु स्तनपान कक्ष सहितको सरकारी भवन निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- ❖ नगरपालिकाले निर्माण गर्ने भौतिक संरचनाहरु अनिवार्य रुपमा अपाङ्ग मैत्रि संरचना निर्माणलाई निरन्तरता दिईनेछ

**ख) भवन तथा शहरी विकास**

१. सुन्दर पालिका निर्माण गर्न बजार क्षेत्र निर्धारण गरी शहरी तथा बस्ति विकास योजना निर्माण गरी विशेष कार्यक्रम संचालन गरिनेछ ।

२. भूकम्प प्रविधि मैत्री भवन तथा आवास संरचनाको निर्माणको लागि निर्माणसँग सम्बन्धित डकर्मी, सिकर्मी र परामर्शदाताहरुको एकीकृत रुपमा क्षमता विकास गरी आकर्षक र बलियो संरचना निर्माणमा जोड दिइनेछ ।

३. भवनको नक्सा पास प्रक्रियालाई सरल, सहज र पारदर्शी बनाउन विद्युतीय भवन अनुमति प्रणाली (Electronic Building Permit System) लाई प्रभावकारी बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ ।

४. नगरपालिका अन्तर्गत शव व्यवस्थापनका लागि झिलिमिला चौधर नदीमा आर्यघाटको क्षेत्र निर्धारण गरी प्रदुषण मुक्त र व्यवस्थित बनाइनेछ।

५.निर्माण हुने सबै सार्वजनिक भवनहरुलाई बालमैत्री, अपाङ्गमैत्री बनाउने नीति अबलम्बन गरिनेछ ।

६.जथाभावी जग्गा खण्डीकरण गर्न रोक लगाई वर्गीकरणका आधारमा भूमि व्यवस्थापन र व्यवस्थित शहरीकरणमा विशेष जोड दिइनेछ।

७.नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक तथा निजी भवनहरुको जोखिम न्यूनीकरण गर्न विमा गर्ने/गराउने नीति कार्यान्वयन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

८. पुर्नवास नगरपालिकामा भवन निर्माण मापढण्ड स्वीकृत गरी भौतिक संरचना तथा घर निर्माण गर्ने मापदण्ड स्वीकृत हुनु भन्दा पहिला निर्माण गरिएका संरचनाको अभिलेखीकरण गरिनेछ ।

९. वडा नं २,३,४ र ५ को वडा कार्यालयहरूका भवन निर्माण सम्पन्न गरिनेछ ।

१०. निर्माणधिन १५ शैयाको अस्पताल सम्पन्न गरिनेछ । पालिकाभित्रका स्वास्थ्य संस्थाहरू, प्रहरी चौकीहरू तथा विभिन्न धार्मिक तथा सांस्कृतिक भवनहरू निर्माणको लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

**ग) विद्युत्त तर्फ**

- ❖ नगरपालिका क्षेत्रभित्र विस्तार हुन नसकेको ठाउँमा विद्युतलाई विस्तार गरी सबै जनतालाई विद्युतको पहुँचमा पुर्याउन पहल गरिनेछ।

- ❖ साना घरेलु उद्योग, सिचाई आदि निरन्तर सञ्चालन गर्न वाधा पुर्याउने डिम लाईट समस्या समाधानका लागि आवश्यक स्थानमा ट्रान्समिटर खरिद तथा जडानका लागि विद्युत प्राधिकरण, प्रदेश सरकार र संघिय सरकार सँग समन्वय गरी आवश्यक पहल चालिनेछ ।
- ❖ पुनर्वास नगरपालिकामा निर्माण भईरहेको ३३ KV प्रसारण लाईनको सब स्टेशन समयमै सम्पन्न गरी सञ्चालन गर्न सम्बन्धित निकायसँग निरन्तर समन्वय गरिनेछ।
- ❖ अव्यवस्थित रुपमा विस्तार भएको विद्युत प्रसारण लाइनलाइ व्यवस्थित गर्न बिद्युत प्राधिकरणसँग आवश्यक समन्वय गरीनेछ ।
- ❖ सडक बत्ती जडान तथा मर्मत कार्यलाई ब्यवस्थित गर्ने नीति लिईनेछ ।

## १७.७ वन, वातावरण तथा विपद व्यवस्थापन

- ❖ नगरको वातावरण स्वच्छताका लागि सव डिभिजन बन कार्यालय, विभिन्न संघ संस्था र निजी क्षेत्रको सहकार्यमा सार्वजनिक तथा निजी जमिनमा गरिने वृक्षारोपण कार्यलाई निरन्तरता दिईनेछ।
- ❖ नगर क्षेत्र भित्रका केही मुख्य सडकको दायाँ बायाँ हरियाली एवंम सौन्दर्य बढाउन वृक्षारोपण तथा संरक्षण गर्ने कार्य गरिनेछ ।
- ❖ नगरपालिका भित्रको ग्रामिण क्षेत्रमा जैविक ग्यासको सान्दर्भिकता सम्वन्धि जनचेतना जगाई गोवर ग्यास प्लान्ट निर्माण कार्यलाई प्रोत्साहान गरिनेछ ।
- ❖ नगरपालिका क्षेत्रभित्रको प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापनका लागि कार्यविधि अनुसार काम अगाडी बढाईनेछ।
- ❖ स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्रलाइ सवल र प्रभावकारी बनाइनेछ। विपद पूर्व तयारीका कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ।
- ❖ आपतकालिन कार्य सञ्चालन केन्द्रमा टोल फ्रि नं को ब्यवस्था गरी चौविस घण्टा संञ्चालन गरिनेछ।
- ❖ सार्वजनिक जमिनको अतिक्रमण रोकी निजी जमिनमा हुने गरेको माटो खदान तथा विक्रि वितरण कार्यलाई व्यवस्थित गरिनेछ ।
- ❖ नगर क्षेत्र भित्र रहेका सम्पुर्ण सामुदायिक बनहरुको संरक्षण र सम्वर्द्धनमा विशेष जोड दिईनेछ।
- ❖ सामुदायिक बनमा खेतिको अवधारणा विकास गरी कुरिलो, घ्युकुमारी, अमला, बेल, मेन्था केमामाईल, हल्दि, अदुवा लगायतका जडीबुटीजन्य बनस्पती खेतीलाई प्रोत्साहान गर्ने कार्यको थालनी गरिनेछ।
- ❖ स्थानिय विपद् तथा जलवायु उत्थानसिल योजनालाई आवधिक योजनामा मुलप्रवाहिकरण गरिनेछ।
- ❖ विकास साझेदार हरु संगको सहकार्यमा बिभिन्न प्रकोप लक्षित कृतिम घटना अभ्यासहरु संचालन गरिनेछ।
- ❖ जलवायु परिवर्तन तथा विपट व्यवस्थापन र उत्थानशिलताका बारेमा विध्यार्थीहरुको क्षमता अभिवृद्दि गर्दै उनिहरुको माध्यनबाट समुदायमा सचेतना फैलाउने कार्यक्रम गरिनेछ।
- ❖ भौतिक संरचना निर्माण गर्दा संभावित जोखिमहरुलाई मध्यनजर गर्दै अपाङ्ग तथा विपद मैत्री विकास अवधारणालाई मुलप्रवाहिकरण गरिनेछ।

- ❖ विपद जोखिन न्यूनिकरण र व्यवस्थापनमा सरकारी तथा विकास साझेदार संघ संस्था हरुसंगको समन्वय, सहकार्य र साझेदारीलाई थप प्रभावकारी बनाइनेछ।
- ❖ दोदा नदिको पुर्वसुचना प्रणालिलाई थप व्यवस्थित बनाउन पहल गरिनुका साथै जोखिम हस्तान्तरणका लागी बाली तथा पशु विमा कार्यक्रम संचालनका लागी समन्वय तथा सहकार्य गरिनेछ।

## १७.८ सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति तथा कार्यक्रमहरू

- ❖ नगरपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थाको प्रणालीलाई चुस्त, दुरुस्त, विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी बनाउँदै अत्यावश्यक रिक्त दरवन्दीहरुमा कर्मचारी पदपुर्तिका लागि आवश्यक पहल गरिनेछ।
- ❖ नगर र वडाका सबै कर्मचारीहरुको कार्यविवरण वनाई लागु गरिनेछ र त्रैमासिक रुपमा कार्य प्रगतिको प्रतिवेदन पेश गर्ने व्यवस्था गरिनेछ।
- ❖ नगर कार्यपालिकाको कार्य सम्पादनलाई छिटो छरितो पारदर्शी एवंम सेवाग्राही मैत्री तुल्याउन Digital Governance मा जोड दिईनेछ।
- ❖ नगरपालिका अन्तर्गत स्थानीय सेवामा कार्यरत कर्मचारिहरुको जीवन वीमा तथा कर्मचारी कल्याण कोषको संचालन गर्न कोष सञ्चालन तथा ब्यवस्थापन कार्यविधि निरन्तरता दिइनेछ ।
- ❖ राष्ट्रसेवकहरुमा कामप्रति तत्पर हुने, सेवाभाव सहित समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने कार्यसस्कृतिको विकास गरिनेछ। राष्ट्रसेवकहरुमा ज्ञान, सिप र पेशागत मर्यादाको विकास गरी नगर सरकारको सेवालाई नयाँ गतिका साथ संचालन गरिनेछ।
- ❖ नगरपालिका भित्र दर्ता चलानि तथा महत्वपूर्ण डकुमेन्टलाई दिर्घकालसम्म जोगाई राख्नका लागि "अफिस अटोमेसन प्रणाली" लाई कार्यान्वयन ल्याइनेछ।
- ❖ उत्कृष्ट कार्य गर्ने नगरपालिकाका कर्मचारी, करदाता, उपभोक्ता समिति तथा अन्य समितिका ब्यक्तिहरुलाइ पुरस्कृत गर्ने नीति अवलम्बन गरीनेछ।
- ❖ जनप्रतिनिधि, पदाधिकारीहरु तथा कर्मचारिहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिमहरु तथा अभिमुखिकरण कार्यलाई निरन्तरता दिइनेछ।
- ❖ जनप्रतिनिधि, पदाधिकारीहरु तथा कर्मचारिहरु बिच समय समयमा अन्तरक्रिया छलफल लगायतका क्रियाकलाप गरिनेछ।
- ❖ नगरपालिकाबाट संञ्चालन हुने सिप विकास, क्षमता विकास र नेतृत्व विकास जस्ता मानव संसाधन विकासका तालिमहरु संचालन गर्दा पूर्ण रुपमा तालिमको उपादयेता, गुणस्तरीयता प्रति ख्याल गरिनेछ।
- ❖ कर्मचारी प्रशासनलाई चुस्त, दुरुस्त बनाउनका साथसाथै समय सापेक्ष बनाउन बहुसीपयुक्त जनशक्ति तयार गर्ने नीति लिईनेछ।
- ❖ संगठनात्मक संरचना अनुसार कर्मचारिहरुको ब्यवस्थापन गरी समग्र प्रशासन सेवा छिटो छरितो गर्दै जाने रणनिती सुनिश्चित गरिनेछ ।
- ❖ सेवा करारमा कार्यरत कर्मचारिहरुको प्रकृति हेरी सेवा सुविधामा एकरुपता गरी कर्मचारीहरुलाइ काम प्रति उत्तरदायी बनाईनेछ।
- ❖ भ्रष्टाचार निर्मुल गर्न शुन्य सहनशिलताको नीति अवलम्बन गरिने छ।

- ❖ सुशासन प्रवद्र्धनका लागि खुल्ला सरकारको नीति अवलम्वन गरिने छ।
- ❖ सबै वडा कार्यालयमा रिक्त रहेका वडा सचिबका दरबन्दीमा स्थायी कर्मचारीको पद पुर्तिका लागि लोकसेवा आयोग सँग माग गरी पद पुर्ति गर्ने निति अवलम्बन गरीनेछ।
- ❖ न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो' भन्ने कानुनी सिद्धान्तलाई अंगिकार गर्दै न्यायिक समितिबाट छिटो छरितो र सर्वशुलभ न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिईनछ।
- ❖ मेलमिलाप हुने सामान्य विवादहरुलाई वडा स्तरका मेलमिलाप केन्द्रबाट निरुपण गर्ने ब्यवस्थालाई प्रभावकारी बनाइनेछ।
- ❖ प्रत्येक वडामा रहेका मेलमिलाप केन्द्रहरुलाइ थप व्यवस्थित र प्रभावकारी बनाउदै वडामा हुने विबादहरुलाइ वडामै समाधान हुने वातावरण सृजना गरिनेछ।
- ❖ न्यायीक समितिबाट हुने ब्यक्तिगत विवाद समाधानमा मात्र केन्द्रित नभइ सम्पूर्ण किसिमका धार्मिक साँस्कृतिक तथा प्राकृतिक विवादहरुको पनि समस्या समाधानमा केन्द्रित हुनेछ।
- ❖ समुदायमा अप्रिय घटना हुन नदिनका लागि पास्चर, गुरुवा, भलमन्सा, धर्म गुरु आदीलाई सचेतना गर्ने निति अवलम्बन गरिनेछ।
- ❖ बजार अनुगमन कार्यलाई प्राथमिकतामा राखि बजारमा हुने गुणस्तरहिन खाद्य बस्तुको बिक्रि वितरण म्याद सकिएका बस्तुको बिक्रिवितरण, कृतिम अभाव सृजना, कालो बजारी लगायतका क्रियाकलापलाई न्यूनिकरण गर्न आवस्यक कार्यक्रम संचालन गरिनेछ।
- ❖ बजार अनुगमनको माध्यमबाट स्थानीय तहमा व्यवसाय दर्ता गरी वा गर्न लगाई आन्तरिक आय बढोत्तरीमा पहल गरिनेछ।
- ❖ उपभोक्तालाई चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ सीमामा रहेका भारतिय बजारबाट आयात हुने गुणस्तरहिन बस्तुहरुको प्रयोगलाई न्यूनिकरण गर्न प्रभावकारी अनुगमन गरीनेछ।
- ❖ चौमासिक रुपमा आन्तरिक लेखा परीक्षण गरी चौमासिक प्रतिवेदन पेश गर्नुका साथै उक्त प्रतिवेदन माथि समिक्षा गरिनेछ।
- ❖ सुशासन प्रवद्र्धनका लागि नगरपालिकाले सुशासन प्रवद्र्धनका लागि नगरपालिकाले सुशासनका औजारहरु सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरीक अभिमत, गुनासो पेटिकाको प्रयोगलाई निरन्तरता दिइनेछ।
- ❖ वित्तिय संस्थामा हरेक व्यक्तिको सहज पहुँच पुर्याउने "एक ब्यक्ति एक खाता" नीति अवलम्वन गरी आर्थिक कारोवारलाई बैंक मार्फत गर्न बिशेष जोड दिईनेछ।
- ❖ नगरपालिकाको वेरुजलाई घटाउदै विस्थापन तर्फ लगिनेछ।
- ❖ वित्तिय साक्षरता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ❖ बैदेशिक रोजगारमा जाने विपन्न तथा गरिव परिवारका सदस्यहरुलाई बैदेशिक ऋण अनुदान नीति अवलमब्बन गरीनेछ।
- ❖ पुनर्वास नगरपालिकामा रहेको ल्याण्ड लाईन टेलिफोन सेवालाई ईन्टरनेट सहित विस्तारै सबै वडाहरुमा विस्तार गर्न आवश्यक पहल कदमी चालिनेछ।
- ❖ पुनर्वास नगरपालिकाको विद्युतिय सुशासन सम्वन्धि क्रियाकलापहरु खुला सरकारको अवधारण अनुरुप नगरपालिकाका विभिन्न सुचना तथा तथ्याङ्कहरु विभिन्न प्रविधिको माध्यामबाट उपलब्ध गराईने निति अवलम्वन गरिनेछ।

- ❖ घर नक्सा पासलाई सहज बनाउन सफ्टवयेरको प्रयोग गरी विद्युत्तिय माध्यामबाट पास गर्न सहज बनाइनेछ।
- ❖ पुनर्वास नगरपालिकाको विद्युतिय सुशासन प्रवद्र्धन गर्न Digital Citizen Charter र विभिन्न सेवाका Mobile Application बनाईनेछ ।
- ❖ नगरपालिकाको जिन्सी सम्पत्तिको व्यवस्थापन गर्न विशेष योजना तयार गरी अघि बढाइने छ
- ❖ नगरपालिका भित्र रहेका थप संवेदनशिल स्थानहरुको पहिचान गरि सि सि टिभि क्यामरा र सडक बत्ति जडान गरिनेछ।
- ❖ नगर क्षेत्रभित्रका स्थानिय सरकारको मातहतका सम्पूर्ण कार्यालयहरुमा ई हाजिरी जडान गरीनेछ।र दक्ष जनशक्तिको स्थानीय स्तरमै उत्पादनमा जोड दिईनेछ।
- ❖ कम्प्युटर, ल्यापटप, मोबाईल, प्रिन्टर तथा अन्य उपकरण मर्मत सम्बन्धी तालिमहरु संचालन गरी सुचना प्रविधीको प्रयोग र दक्ष जनशक्तिको स्थानीय स्तरमै उत्पादनमा जोड दिईनेछ ।
- ❖ मानवता, सामाजिक न्याय तथा सदभावको शहर निर्माण गर्न मानव विकासमा क्रियाशिल संघ संस्थाहरुलाई सहकार्यको लागि आव्हान गर्दै जनचेतनामुलक अभियान कार्यलाई निरन्तरता दिईनेछ।
- ❖ सिमा नाकाबाट आवत जावत गर्दा शसस्त्र प्रहरीबल वि. ओ. पि. बाट मात्र आवतजावत गर्ने व्यवस्था मिलाउन विशेष पहल चालिनेछ ।
- ❖ स्थानीय तहमा स्थापना भएका उद्योगहरुको तथ्याङ्क संकलन गरी निस्कृय उद्योगहरुलाई सञ्चालनमा ल्याउन विशेष बातावरण तयार गरीनेछ।
- ❖ स्थानीय स्तरमा उत्पादन भएका उत्पादित बस्तुहरुको स्थानीय स्तरमै खरिद विक्रिको वातावरण तयार गरिनेछ।
- ❖ नियमित बजार अनुगमन निरिक्षण गर्न र स्थानीय उद्योगी बर्यवसायीहरुलाई स्थानिय करको दायरामा ल्याउन बिशेष निति लिइनेछ।
- ❖ विभिन्न किसिमका उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ स्थानीय दक्ष जनशक्तिको प्रयोगलाई बिशेष जोड दिइनेछ ।
- ❖ उद्योग स्थापना हुने गर्ने वातावरण सृजना गरीनेछ।
- ❖ रेडक्रस पुनर्वास उपशाखाको प्रभाबकारी संञ्चालका लागि आवश्यक सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- ❖ सीमा क्षेत्रको घरजग्गा, खेती योग्य जग्गा समेत धितो राखी कर्जा उपलब्ध गराउने सम्बन्धमा माथिल्लो निकायमा समन्वय गरी औपचारिक बित्तिय प्रणालीवाट सहज रुपमा कर्जा पाउने वातावरण बनाउन पहल गरिनेछ ।
- ❖ भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोवासी लालपुर्जा वितरणका लागि आवश्यक पर्ने बजेट विनियोजनका साथै सम्पुर्ण कानुनी प्रक्रिया पुरा गर्ने निती अवलम्बन गरिनेछ।
- ❖ छाडा चौपाया र जंगली जनावर आतंक नियन्त्रण गर्न आवश्यक प्रक्रियाहरु अघि बढाईनेछ ।

## १८. गत बर्षको कार्यक्रमको उपलब्धिः

- ❖ १४५ उपभोक्ता समितिसँग योजना सम्झौता भई निर्माणको काम सम्मपन्न भएको।

- ❖ HEIFER संगको सहकार्यमा ३ बर्षे साझेदारीमा "कृषिर पशु विकासमा आधारित सानाकिसान ता युवा उद्यमशीलता कार्यक्रम" अन्तर्गत समूह गठन समूहहरुलाइ आधारसिला तालिम सम्पन्न भएको ५६ वटा बाखा साथै १२ वटा वोका वितरण भएको छ। तरकारी तथा घासको बिउ वितरण गरीएको ।
- ❖ पशुविकास शाखाबाट बिभिन्न तालिम सञ्चालन, ७ वटा गाई भैसी गोठ सुधार कार्यक्रम, ८ वटा उन्न भैसी वितरण कार्यक्रम, १४४०० पशुलाई मेडीकल उपचार, ३६०० गाई भैसीमा कृतिम गर्भतन, १०० कुकुरलाई रेविज बिरुद्धको भ्याक्सीन र ७१ कुकुरलाई बन्ध्याकरण, २ वटा ट्रेबिज खोर निर्माण, ३०० गाई भैसीलाई सुत्केरी स्याहार भिटामिन बितरण आदी ।
- ❖ भौतिक पुर्वाधार तर्फ मात्र कुल २१ वटा ठेक्का भई ठेक्का सम्झौता भएका जस मध्य २ वटा, वडा न १० र ११ को बर्थिङ सेन्टर सहितको स्वास्थ्य चौकी र सिमरी दसरथ बस्ति सडक बाहेक केही निर्माण सम्पन्न भई भुक्तानी भईसकेका भने केही निर्माणको अन्तिम अन्तिम चरणमा रहेका।
- ❖ गत आ ब मा ठेक्का सम्झौता भइ निर्माणको चरणमा रहेको कोल्ड स्टोरको पहीलो तला ढलान सम्पन्ना भइ संचालनमा आएको ।
- ❖ यसै आ व मा ७ वटा कार्यबिधि निर्माण भइ कार्यान्वयनमा रहेका ।
- ❖ यस आ व मा न्यायीक समितिमा कुल मुद्धा संख्या १६५ वटा ११६ वटा मुद्धा फर्छयौट भई मेलमिलाप समेत भई सकेका छन ।
- ❖ लंघुउद्यम विकास शाखाबाट तालिम सञ्चालन भइ दुना टपरी बनाउने मेसिन बितरण कार्यक्रम सम्पन्न भएको ।
- ❖ कृषि बिकास शाखा मार्फत ५० प्रतिशत अनुदानमा सिचाइ, विउ बितरण, ७५ प्रतिशत अनुदानमा विषादी, एकल महिलालाई तरकारी उत्पादन प्रदर्शनी, नगर स्तरिय बिभिन्न तालिम आदी संचालन भएका ।
- ❖ १ देखि ११ वडा मा हाल सम्म भूमिहिन सुकुम्बासी ५९५ भूमिहिन दलित ६०५ अव्यवस्थित बसोबासीको ७३८१ र सार्वजनिक जग्गा ७० गरी जम्मा गरी ८६५१ कित्ता नापजाँच भएको छ भने अहिले आयोग विघटन भएको भएतापनि फारामहरु रुजु हुने काम भइरहेको छ।
- ❖ शिक्षा शाखाबाट २ वटा विद्यालयमा ICT प्रयोग शाला र २ वटा विद्यालयमा पुस्तकालय स्थापना गरीयो, कक्षा १ देखि ७ ग्राम तिवा खाजा कार्यक्रम र१६ देखि १२ सम्मका लागि सेनिटरी प्याड बितरण, स्थानिय पाठ्यपुस्तक छपाई भएको, ५ वटा विद्यालयलाई कक्षा थप अनुमति दिइएको, ५० प्रतिशत अनुदानमा एक शिक्षक एक ल्याप्टप कार्यक्रम, दलित बिद्यार्थिहरुका लागि उच्च प्राबिधिक शिक्षाका लागि छात्रबृत्ति प्रदान, ५६ वटा विद्यालयका बालविकासका लागि अभ्यास पुस्तिका खरिद आदी गरिएको छ।

## १९. सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरुः

- स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय स्वायत्तशासन ऐन २०५५, नियमावली २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ समय सापेक्ष संशोधन गर्ने ,

- पालिकाले आफ्नै विभिन्न कानुनहरु निर्माण गरि कार्यान्वयमा ल्याएकोले अनुगमन र सुपरिवेक्षणलाई नियमित, गतिशिल र सुधारका लागि पृष्ठपोषकको रुपमा ग्रहण गर्ने ।
- सेवाग्राहीहरुको जानकारी तथा पारदर्शीता प्रवर्द्धन गर्दै जवाफदेही स्थानीय सरकार निर्माणका लागि अर्धवार्षिक रुपमा बुलेटिन प्रकाशन गर्ने ।
- सामाजिक विकासका सूचकहरु समेटने गरी सूचना तथा तथ्यांक प्रणाली व्यवस्थित गर्नुपर्ने ।
- मर्मत सम्भार गर्नु पर्ने पूर्वाधार विकास योजनाहरुलाई समयमै मर्मत सम्भार गरी संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउने ।
- पूर्णखोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिने ।
- नगरपालिकाको आन्तरिक आयमा सुधार गर्नको लागि राजश्व संकलन क्षेत्रमा जिम्मेवारी लिएका कर्मचारीहरुलाई विशेष प्रोत्सहानको व्यवस्था गर्नु पर्ने
- नगरपालिका को आवश्यकता अनुसारको कर्मचारी यथाशिघ्र छनौट गरी पदपूर्ति गर्नु पर्ने ।
- दिर्घकालिन विकासको लागि एकीकृत शहरी विकास योजना तयार गर्नु पर्ने ।
- सीप विकास, आयआर्जन कार्यक्रमबाट कति स्वरोजगार भए भन्ने तथ्यांक अभिलेख राख्नु पर्ने ।
- प्रत्येक टोल र गाउँबाट आएका योजनालाई प्राथमिकताका आधारमा छनौटलाई निरन्तरता दिनु पर्ने ।
- नगरपालिकाले पालिकाको गतिविधिको बारेमा सर्वसाधारणलाई जानकारी दिनको लागि गाउँ गतिविधि पालिकाको वेबसाईटसगैं स्थानीयस्तरका पत्रपत्रिका तथा रेडियो मार्फत सार्वजनिक गर्ने ।
- एकीकृत सम्पती करलाई प्रभावकारी बनाउन फिल्ड निरीक्षणको व्यवस्था मिलाउने ।
- सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई बैंकको संख्या बढाउने वा स्थानीय सहकारी मार्फत धुम्ति सेवाको रुपमा लाभग्राहीको घरघरमा वितरणको व्यवस्था मिलाउने ।
- खुल्ला दिशामुक्त क्षेत्रलाई निरन्तरता दिनको लागि समय समयमा अनुगमन तथा सुपरिवेक्षण गर्ने एवम् सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालयहरुको सार्वजनिक/निजि साझेदारीको अवधारणा अन्तर्गत निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने ।
- पुर्नवास नगरपालिकाको कार्यालय र वडा कार्यालयहरुको अगाडि नागरीक वडापत्र ( निरक्षरको लागि अडियो/भिडियो डिस्प्ले) अनिवार्य रुपमा राख्नुपर्ने ।
- सर्वसाधरणको काममा थप सहज र छरितो बनाउनको लागि विभिन्न कोठाहरुको नम्बर र फाटँको

बारेमा जानकारी दिन नगरपालिका को प्रवेशद्धारमा नै डिस्प्ले राख्नुपर्ने ।

- पूर्ण साक्षर नगरपालिका तथा पूर्ण सरसफाई गाउँ घोषणा कार्य अगाडि बढाउनु पर्ने ।
- वातावरण मैत्री स्थानीय शासन प्रारुप लागु गर्नका लागि रणनीति बनाई कार्यान्वयन गर्नु पर्ने ।
- बालमैत्री रणनीति बमोजिम कार्यनीति निर्माण भएकोले कार्यान्वयन प्रभावकारी रुपमा गर्नु पर्ने ।
- नगरपालिकाको शौन्दर्य निमार्ण एवम् सिर्जनात्मक कामको पहल गर्नु पर्ने ।
- गाउँको फोहोरमैला व्यवस्थापन सार्वजनिक निजि साझेदारीको माध्यबाट गर्ने प्रबन्ध गर्नु पर्ने ।
- स्रोतमा नै फोहोर छुट्टयाउने कार्यलाई प्रथमिकतामा राख्नु पर्ने ।
- प्रतिश्प्रर्धी गाउँसँगको सयुक्त साझेदारीमा सेनेटरी ल्याण्डफिल्ड साईटको प्रबन्ध गर्ने ।
- फोहोरमैला व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन गाउँका बजार क्षेत्रमा कम्तीमा हप्तामा एक दिनका दरले सरसफाई गर्ने कार्यलाई अभियानको रुपमा अगाढि बढाउने ।
- योजनाहरु बनाउदा सार्वजनिक सुनुवाई , सामाजिक परीक्षण आदिका प्रतिवेदनहरुलाई मध्यनजर गर्नु पर्ने ।
- राष्ट्रिय स्तरमा उठाउनु पर्ने साझा सवाल उठानका लागि सामुहिक पहल गर्नु पर्ने।सेवा प्रवाह, तथ्याङ्क भण्डारण, प्रतिवेदन प्रकाशन लगायतका विषयमा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन दिन पर्ने ।
- उद्यमशिलताको प्रवद्र्धन गर्न निजी क्षेत्रका संघ संस्थाहरुको सहकार्यलाइ प्राथमिकता दिनु पर्ने ।
- आर्थिक विकासका लागि सार्वजनिक निजी साझेदारीको रणनीतिलाई विशेष प्राथमिकता दिनु पर्ने ।
- स्थानीय स्तरमा स्थानीय निकायहरु ले सेवाप्रदायक सस्थाहरुको वर्गिकरण, उनिहरुको क्षमता विश्लेषण तथा कार्य दक्षताको आधारमा कार्य सम्पादनमा सहयोगी बनाउने।
- संचालित विकासका कार्यक्रमहरुमा जवाफदेहीता, पारदर्शीता तथा उत्तरदायित्वहरुको सुनिश्चितता प्रदान गर्न सरोकारवालाहरुको सम्लग्नता एवम् सामाजिक परिक्षणका गतिविधिहरुलाई अझ फराकिलो पार्दै लग्ने ।
- पालिकाको नीति अनुसार कार्यक्रम तथा आयोजना भए नभएको विषमा गाउं परिषद् पूर्व व्यापक छलफल गर्ने र नीति तथा कार्यक्रम स्पष्ट हुनु पर्ने ।
- पालिकाको वार्षिक योजना तथा नीतिहरू तयार गर्दा राष्ट्रिय नीति र पालिकाको आवधिक तथा विषयगत योजनाले निर्देशित गरेका उद्देश्यहरू लाई ध्यान पुर्याउनु पर्ने ।

- रोजगारमूलक र गरिबी निवारण लक्षित योजनाहरू समावेश हुनु पर्ने ।
- करको दर एवं दायरा लगायत अन्य वैकल्पिक उपायहरू को पहिचान गरी आन्तरिक आयमा वृद्धि गर्दै लैजानुपर्ने ।
- वस्ती एवं वडास्तरबाट प्राथमिकिकरणको आधारमा छनौंट भई आएका आयोजनाहरू लाई उच्च प्राथमिकता दिनुपर्ने ।
- आवासिय, कृषि, औद्योगिक, व्यापारिक र शैक्षिक क्षेत्रहरूको किटानी गरिनुपर्ने ।
- भूकम्प, आगलागि, बाढी, महामारी लगायतका प्राकृतिक एवम् मानवीय विपद्को जोखिम घटाउन तथा सामना गर्न पालिकास्तरीय विपद् व्यवस्थापन योजना कार्यान्वयनका लागि आवाश्यक व्यवस्था मिलाउनुपर्ने ।

## २०. पुर्नवास नगरपालिकाले लिएका नीति र नीतिको कार्यान्वयनको अवस्थाः

| क्र.स. | नीति | कार्यान्वयनको अवस्था | सुझावहरु |
|---|---|---|---|
| **शिक्षा** | | | |
| १ | नगरपालिका, गैर सरकारी संस्था तथा नागरीक समाज, विद्यालय, विद्यालयका विद्यार्थीहरू, धार्मिक संघ संस्थाहरू, निजी क्षेत्र तथा राजनीतिक दललाई परिचालन गरी साक्षरता कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न । | कार्यान्वयन भइरहेको | यस कार्यलाई निरन्तरता दिदै कार्यक्रमलाई विस्तार गर्न लक्षित समूहका बालबालिकाहरुको पहुंच बढाउन छात्रबृत्ति लगायत प्रोत्साहनका उपायहरु अपनाइने छ। अवसरको विस्तारका लागि सीपमूलक व्यावसायिक एवं प्राविधिक शिक्षालाई प्रवर्द्वन गर्न पहल गरिनेछ। |
| २ | प्रारम्भिक बालविकासमा विपन्न दलित र सीमान्तकृत समुदायका बालबालिका लाई समावेश गर्दै यस कार्यमा संलग्न सरकारी, सामुदायिक | शैक्षिक सामाग्री वितरण गरीएको | बालकोषको संचालन र व्यवस्थापन गर्नु पर्ने । |

| क.स. | नीति | कार्यान्वयनको अवस्था | सुझावहरु |
|---|---|---|---|
| | तथा अन्य निकायका कार्यक्रमहरूलाई समन्वयात्मक रुपमा अघि बढाउदै बाल विकास केन्द्रहरूको व्यवस्थापनमा सुधार ल्याउने | | |
